मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ९९ | २०७९ साल फाल्गुन ४ गते बिहिबार | Thursday 16, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# वीरगंजका निजी हस्पिटल बिरामी खरिदबिक्री गर्छन

## एम्बुलेन्स चालकहरुलाई कमिशन, अस्पतालका कर्मचारी खरिदबिक्रीमा संलग्न

*वीरगंजमा निजी स्तरबाट संचालित अस्पतालहरुमा भरपर्दो उपचार नहुने गुनासो त पहिल्यैदेखि थियो, पछिल्ला केही बर्षदेखि हस्पिटलहरुले बिरामी नै खरीदबिक्री गर्न थालेपछि स्वास्थ्य क्षेत्रमा वीरगंजको बदनामी हुन थालेको छ, यहाँ आउँने बिरामी काठमाडौं, धरान जान थालेका छन् ।*

सरोज खड्का

वीरगंज ३ फागुन । मानवको स्वास्थ्य उपचार हुने हस्पिटलहरुमा बिरामीको किनबेच हुने गरेको समाचार पढदा र सुन्दा जो कोहिलाई पत्याउन गाह्रो हुन्छ तर मधेश प्रदेशको आर्थिक महानगर वीरगंजमा हस्पिटलहरुले बिरामी खरीदबिक्री गर्ने गरेको पाइएको छ।

वीरगंज महानगरपालिकामा डेढ दर्जन भन्दा बढीको संख्यामा निजी स्तरबाट संचालित हस्पिटलहरु छन । अधिकांश अस्पतालले सरकारको कर छलि गर्न रिसर्च सेन्टर नाम राखेका छन । हस्पिटलको मुख्य उद्देश्य मानव जिवनको रक्षा गर्नु पर्ने हो तर यहाँका हस्पिटलहरुको मुख्य उद्देश्य जसरी पनि रकम कमाउने हो ।



हस्पिटलहरुले बिरामीको खरिदबिक्री शुरु गर्छन, एम्बुलेन्सबाट सेवाको लागि संचालन गरिएका एम्बुलेन्स चालकहरुले मोटो कमिसन दिने हस्पिटलमा विरामी पुर्‍याई दिन्छन् । विरामी पुर्‍याए वापत चालकले १ हजार ५ सय देखि २ हजारसम्म कमिशन पाउँछन । त्यस पछि हस्पिटलले विरामी भर्ना लिएर आर्थिक दोहान शुरु गर्छन ।

आफ्नो हस्पिटलमा सम्बन्धित रोगको विशषज्ञ चिकित्सक नभएपनि भर्ना लिएर अनेकन टेष्ट गर्न लगाउँछन, टेष्ट गरेवापत ४० देखि ५० हजारसम्मको बिल बन्छ, त्यसपछि डाक्टरलाई कल गरिन्छ र डाक्टर आएर बिरामीको जाँच गरेको जस्तो गरी विरामीको छातिमा औला लगाउँछन थप टेष्ट गर्ने निर्देशन दिन्छन र चाहिने नचाहिने औषधि खरिद गर्न लगाउँछन । ३/४ दिनसम्म अस्पतालमा राखेर उपचार गरेको जस्तो गरिन्छ तर विरामीको अवस्था विग्रदै जान्छ किन भने विरामीको उपचार गर्ने विशेषज्ञ डाक्टर नै हुदैनन् ।

बिरामीको आफन्तले गुनासो गरेपछि सो अस्पतालले बिरामीलाई अर्को अस्पतालमा रेफर गरिदिन्छ र बिरामीलाई स्कटिङ्ग नै गरेर अस्पतालको कर्मचारीले अर्को अस्पतालमा पुर्‍याउँछन र त्यहाबाट कमिशन बुझेर कर्मचारी फर्किन्छन् । त्यहाँ फेरी अस्पतालले अस्पतालले बिरामीको आफन्तसँग आर्थिक दोहन सुरु गर्छ अघिल्लो अस्पतालमा गराईएको कुनै पनि टेष्टलाई मान्यता दिइदैन र फेरि दिशा, पिसाव, रगत लगायतको आफ्नै ल्याबमा टेष्ट गर्न लगाईन्छ र मोटो रकम असुल गरिन्छ ।

डाक्टरले स्वास्थ्य परिक्षण गरेवापत मोटो शुल्क असुल गर्छन । अस्पतालको बेडचार्ज पनि महंगो हुन्छ, औषधि पनि बाहिर खरिद गर्न दिईदैन र हस्पिटलले संचालन गरेको अस्पतालमा नै उसैको दरेटमा खरिद गर्न लगाइन्छ ।

वीरगंजमा खाजा नास्ताको पसल गर्दै आएका देवु राईको पित्तमा पथरी थियो उनले नारायणी अस्पतालमा चेकजाँच गराई राखेका थिए। अस्पतालका सर्जन डा. चितरन्जन साहले नारायणीमा शल्यक्रिया गराउन भने पछि उनी अस्पतालमा भर्ना भएका थिए त्यही अस्पतालमा कार्यरत एक जना स्वास्थ्यकर्मीले नारायणीमा शल्यक्रिया गराउँदा राम्रो नहुने र बिरामीको ज्यानसमेत जाने गरेको भनी अत्याएर आफूले राम्रो अस्पताल चिनेको छु त्यही गएर पत्थरीको शल्यक्रिया गराउ भने पछि सोझा साझा देवु राई उसैको पछि लागेर पानीटंकी स्थित प्रभु अस्पतालमा भर्ना भए । प्रभु हस्पिटलमा शल्यक्रिया राम्रैसँग भयो तर रकम भने डेढ लाख बुझाउनु पर्‍यो । त्यो रकम उनले श्रीमतिको गहना बेचेर र आफन्तसँग सापटी लिएर दिएका थिए । देवु राईलाई नारायणीका स्वास्थ्यकर्मीले कमिशनको प्रलोभनमा परि प्रभु हस्पिटलमा पुर्‍याएका थिए । गरिब राई साधारण खर्चमा शल्यक्रिया हुनेमा मोटो रकम बुझाउन बाध्य भए।

वीरगंजमा निजी स्तरबाट संचालित अस्पतालहरुले नाम भन्दा बदनामी कमाएका छन । नागरिकलाई झुक्याउन सयौं बर्ष पुरानो सबैले विश्वास गर्दै आएको र सबै खाले विशेषज्ञ चिकित्सक भएको सरकारी स्तरबाट संचालित अस्पताल नारायणीमै नाम सँग मिल्दो जुल्दो गरी आफ्नो हस्पिटलको नाम राखेका छन । नारायणीकै नजिक नारायणी सेन्ट्रल हस्पिटल संचालनमा छ ।

बिरामीको आफन्तले एम्बुलेन्स चालकलाई नारायणीमा पुर्‍याउ भन्छन चालकले नारायणी सेन्ट्रलमा पुर्‍याएर कमिशन असुल्छन । त्यसैगरी अर्को नारायणी बयोधा - बाँकी पृष्ठ ६ मा

# खाता खोल्ने विषयमा विवाद

## कमीशनका लागि सभामुखले एनएमबीमै खाता खोल्न दबाव दिएको आरोप

*प्रदेश सभाको खाता शुरूदेखि नै एनएमबी बैंकमा थियो, सभामुख मण्डलले बैंक फेर्ने भन्दै एभरेष्ट बैंकसँग कुरा अगाडि बढाए, तर पुरानै बैंकले उनलाई पट्यायो । कांग्रेसले मानेन आफ्ना सांसदहरुलाई एनआइएमबि बैंकमा खोल्ने भन्दै बैंक प्रतिनिधि बोलायो । सभामुखले गेटमै रोक्ने आदेश दिएपछि विवाद भयो ।*



मधेशदृष्टि

जनकपुरधाम, ३ फागुन । प्रदेशसभा सदस्यहरूको बैंकमा खाता खोल्ने सम्बन्धमा मधेश प्रदेशसभामा विवाद भएको छ ।

सभामुख रामचन्द्र मण्डलले एनएमबी बैंकमा र प्रमुख प्रतिपक्षी दल कांग्रेसले नेपाल इन्भेष्टमेन्ट मेगा बैंक( एनआइएमबि)मा खाता खोल्ने भनेपछि विवाद उत्पन्न भएको हो । कांग्रेसले आफ्ना प्रदेश सभासदस्यहरुको खाता खोल्न एनआइएमबि बैंकका प्रतिनिधिलाई प्रदेशसभा स्थित आफ्नो संसदीय दलको कार्यालयमा बोलाउँदा सुरक्षामा खटिएका मर्यादापालकहरुले छिर्न नदिएपछि विवाद भएको थियो ।

सर्वदलीय सहमति अनुसार प्रदेशसभा सदस्यहरूलाई बैंक खाता खोल्न आह्वान गरिएको थियो । सो सहमति अनुसार नेपाली कांग्रेस संसदीय दलले बुधवार एनआइएमबि बैंकका प्रतिनिधिलाई बोलाएको थियो । तर सुरक्षाकर्मीले एनएमबी बैंक बाहेक अरू बैंक प्रतिनिधि आदेश छैन भनेर प्रवेश गर्न नदिएपछि विवाद उत्पन्न भएको थियो ।

प्रहरी सहितका मर्यादापालकहरुले बिहान ११ बजेदेखि २ बजेसम्म सभा संचालन नभएसम्म ती बैंक प्रतिनिधिलाई भित्र छिर्न नदिएपछि कांग्रेसका प्रदेशसभा सदस्यहरूले प्रदेश सभाको मूल गेटमा उभिएर धर्नामा थिए । कांग्रेस प्रदेशसभा सदस्यहरुले हाम्रो संसदीय दलको कार्यालयसम्म बैंक प्रतिनिधिलाई जान दिन पटकपटक आग्रह गर्दापनि सुरक्षाकर्मीले माथिको आदेश छ भनेर मानेनन् ।

कांग्रेस प्रदेश सभासदस्य शेषनारायण यादवले कमीशनको लागि सभामुखले पदीय अहम् देखाउँदै एनएमबी बैंकमा खाता खोल्न भन्दै तानाशाही प्रवृति देखाएको आरोप लगाएका छन् । उनले भने‘ कहींकतै कानुनी व्यवस्था छैन वा हामीलाई लिखित जानकारी पनि छैन फलानो बैंकमै अथवा सभामुखले भनेको बैंकमा खाता खोल्नुपर्छ भन्ने । ’ हाम्रो स्वतन्त्रता हो कुन बैंकमा खाता खोल्ने वा कुन अतिथिलाई संसदीय दलको कार्यालयमा बोलाउनु, तर सभामुखले आर्थिक लाभका लागि तानाशाही प्रवृति देखाउनु गलत हो ।

- बाँकी पृष्ठ ६ मा

# मदिराको नसा २४ को मृत्यु, १२ गम्भीर रोगी

*लामोसमय रक्सि सेवनले कलेजो सुन्निएर लिवर सिरोसिस हुन्छ, पेटमा पानी जम्छ समयमा उपचार भएन भने बिरामीको मृत्यु हुन्छ । इलाका प्रहरी कार्यालय कटहरियाको चारैतिर दर्जन बढी घरेलु मदिरा बिक्री गर्ने पसल संचालनमा छन् । ग्राहकबीच कहिलेकाहिँ झगडा हुन्छ, कतिपय रक्सीले मातेर होहल्ला गर्छन, गालिगलौजमा उत्रन्छन् । प्रहरी हेरिरहन्छ, सुनिरहन्छ ।*

संजय मिश्रा

रौतहट, ३ फागुन ।

घरेलु मदिराको सेवनबाट रौतहटमा २४ जनाको असामयिक निधन र १२ जना मरणासन्न अवस्थामा पुगेको कुरा अपत्यारिलो लाग्नसक्छ । तर, घरेलु मदिरा सेवन रौतहटमा विकरालरुप लिइरहेको छ । ५, ६ वर्ष यतामात्र मदिरा सेवनबाट २४ जनाको मृत्यु भएको छ भने उपचारपछि सामान्य अवस्थामा फर्किएकाहरुको संख्या ठुलो छ।



मदिरा सेवन गरेर उपचार पछि मुस्किलले बाँचेका ३८ बर्षिय राकेश सोनारको कथा यस्तो छ । पछिल्लो एकबर्ष देखि जीवनमरणको दोसाँधमा रहेर बांच्न सफल राकेश लामो समयको उपचार पछि अघिल्लो सातामात्र शिक्षण अस्पताल काठमाडौबाट घर आएका हुन् । उपचार गरेर गाउँ फर्किन पाएकोमा प्रशन्न राकेश साह भन्छन् ‘भगवानको आशिर्वादले मृत्युको मुखबाट फर्केर आएको छु, अब जीवनमा कहिल्यै खान्न।’ लगातारको मदिरा सेवनकै कारण उनको कलेजो र किड्नी दुबै सुन्निएका थिए । हप्ता पेटमा ४/५ लिटर पानी जमेर डमडम भएको थियो । खानपिन ,हिँडडुल सबै बन्द भएको थियो । श्रीमतीले समूहबाट एकलाख रुपैया कर्जा उठाईन,सालोले सहयोगमा ५० हजार पठायो र घरमा भएको एकलाख समेत २ लाख ५० हजार रुपैया लिएर उनलाई वीरगंज लगियो । वीरगंजका विभिन्न अस्पतालमा उपचार गराउँदा गराउँदै पैसा सकियो श्रीमतीले घरमा फर्काएर ल्याइन । तीनमहिनासम्म गाउँले अथवा चिनेजानेकाहरुले टिगन अब केहिदिनको मात्र मेहमान हो उसको अन्तिम भैसकेको भन्दा सुनेर मनमा भनभनि हुन्थ्यो उनलाई ।

खाना नखाएको धेरै दिन भएको थियो, ओछ्यानमा सुतेर सुत्नुबाहेक केही गर्नसक्ने अवस्था थिएन उनको । गाउँलेहरुको सल्लाह अनुसार तीन दाजुभाइ मध्येका जेठादाजु मिश्रीलाल साहले पटकपटक टिचिङ अस्पतालमा उपचार गराए । स्थानीय डाक्टर गोबिन्द साहले प्रत्येक हप्ता घरमै आएर पेटबाट ५/६ लिटरसम्म पानी निकाल्दै गरेपछि करिब दुईसाता देखि उनी आफै खाना खाने र घुमफिर समेत गर्नसक्ने भएका छन् ।

साथीहरूको संगतमा परेर लगातार १० बर्षदेखी बिहानैदेखि भोकै पेटमा रक्सी खाने बानिले त्यो हालत भएको उनी स्वीकार्छन । ‘बिहान नित्य कृयाक्रम गरेपछि प्रायः मानिसले बिहान घुमफिर गर्ने अनि चिया नास्ता खाने गरेको पाईन्छ । म भने साथीहरुको संगतमा परेर बिहान सौचबाट आउँनासाथ खालिपेटमै १ ग्लास रक्सी खान्थे, त्यसपछि पटकपटक दिनभरी खाईराख्ने नास्ता,खानासंग मतलब नै हुँदैनथ्यो’ राकेश भन्छन ‘घर परिवार तथा गाउँले सहयोगमा म आफू त जसोतसो बांच्न सफल भए तर कटहरिया ४ र ५ मा मात्रै बिहान भोकैपेटमा रक्सी खान सुरुगर्ने एकदर्जन युवा मरणासन्न अवस्थामा रहेका छन् ।’

एकाबिहानै देखि भोकभोकै रक्सी खाने बानिले कटहरिया ५ का बर्ष ३० का सफि मियां,४५ का रामअधीन साह,४५ का हरि साह,४५ का शशी क्षेत्रीको अवस्था गंभिर छ। त्यसैगरी रक्सी सेवनकै कारण वडा ४ का ४० बर्षिय रामदेव साह,४५ का नुर आलम,३५ का हरिन्द्र साह,५० का भिखारी मियां र ४० का भोला यादवको अवस्था दयनीय भएको छ एकाबिहानै देखि उनिहरुको रक्सी खाने बानिले खानपिन प्रती ध्यान जादैन।

कटहरिया ४ का वडा अध्यक्ष चन्दन कुशवाहा उनीहरुलाई घर परिवारका मानिसले रक्सी नखान जति सम्झाए बुझाए पनि कुनै वास्ता नहुने बताउँछन् । खुला बजार ,गाउँमा जतातत‌ै रक्सी पसल संचालन भएको

- बाँकी पृष्ठ ६ मा



# मधेश प्रदेश सभाको विषयगत समितिहरु गठन

मधेश दृष्टि
जनकपुरधाम, ३ फागुन । मधेस प्रदेशको सातवटै विषयगत समिति गठन गरिएको छ । बुधबार बसेको प्रदेश सभा बैठकबाट दलिय सहमतिमा विषयगत समितिहरु गरिएको हो । प्रदेशसभामा प्रतिनिधित्व गरेका सातवटै संसदीय दलहरूले एक/एक विषयगत समिति पाएका छन् । समितिहरुमा सबै दलको प्रतिनिधित्व रहेपनि संयोजकत्व जिम्मेवारी तोकिएको छैन ।

मधेस प्रदेशमा अर्थ तथा योजना समितिमा सभापतिसहित ११ जना, कृषि तथा भूमि व्यवस्थापन समितिमा सभापतिसहित १२ जना, प्रदेश मामिला समितिमा सभापतिसहित ९ जना, प्राकृतिक स्रोत तथा वातावरण समितिमा सभापतिसहित १२ जना, महिला बालबालिका तथा सामाजिक न्याय समितिमा सभापतिसहित १३ जना, विकास समितिमा सभापतिसहित १२ जना र सार्वजनिक लेखा समितिमा सभापतिसहित १५ जना सदस्य रहने व्यवस्था छ ।

सार्वजनिक लेखा समितिमा अभिराम शर्मा, उपेन्द्र महतो, कनिष पटेल, चन्दन कुमार सिंह, जनार्दन सिंह क्षेत्री, मञ्जु देवी थापा मगर, मनिष कुमार सुमन, युवराज भट्टराई, रामअशिष यादव, रेखा ठाकुर, लखन दास तत्मा, शंकर प्रसाद चौधरी, शेषनारायण यादव र हरिनारायण महतो रहेका छन् । अर्थ तथा योजना समितिमा जंगीलाल राय, जयनव खातुन, दिपेन्द्र ठाकुर, प्रमोद यादव, फुलो देवी, माला कुमारी कर्ण, राजकुमार गुप्ता, रामबाबु यादव, श्याम प्रसाद पटेल, संजय कुमार महतो, सकिल मिया, सतिश कुमार सिंहलाई चयन गरिएको छ भने कृषि तथा भूमि व्यवस्थापन समितिमा अनिता कुमारी साह, कौशल किशोर राय, निलम कुमारी रजक, पल्टी देवी महरा, पल्टी देवी यादव, बच्चा राउत अहिर, मो. रजि हैदर, मो समिम, रमेश प्रसाद कुर्मी, लक्ष्मी देवी, शाहिदा खातुन, शारदा देवी थापा र उर्मीला देवी सिंह रहेका छन् । त्यस्तै प्रदेश मामिला समितिमा कृष्ण प्रसाद यादव, जिवछी कुमारी यादव, त्रिलोकी प्रसाद, भरत प्रसाद साह, रमिता प्रधान, राजपति देवी दैसवाल, ललबाबु राउत, विरेन्द्र प्रसाद सिंह, बेची लुंगेली, सरोज कुमार सिंह, हसिना खातुन रहेका छन भने प्राकृतिक स्रोत तथा वातावरण समितिमा इन्दु कुमारी साह गोविन्द बहादुर न्यौपाने, जितेन्द्र प्रसाद सोनार, त्रिभुवन साह, देवनारायण थारु, नागेन्द्र साह, नुरुन नेशा, मनोज कुमार सिंह, बिन्दु कुमारी यादव, शारदा दास पहाडी, ममता कुमारी मण्डल र महिला बालबालिका तथा सामाजिक न्याय समितिमा अन्जना पण्डित, अनिरुद्ध कुमार सिंह, किरण कुमारी, किशोरी देवी, कुमरकान्त झा, जयचन्द प्रसाद पटेल, फकिरा महतो, भाग्यश्री कुमारी चौधरी, मञ्जु कुमारी मण्डल खँग, रानी कुमारी तिवारी, रुपा यादव, ललिता दास, विना देवी शर्मा, सकुन्ती देवी सहितकालाई चयन गरिएको छ । विकास समितिमा शारदा शंकर प्रसाद कलवार, कञ्चन विक्छा, जयनुल राइन, जवाहरलाल कुशवाहा, प्रमोद कुमार जैशवाल, शोभा देवी, मो. समिर, मिना कुमारी लामा, रत्नेश्वर गोइत यादव, रविन्द्र दास श्रेष्ठ, राजेन्द्र प्रसाद चौधरी थारु, रामसरोज यादव, शंभु कुमार साह, सुनिल कुमार यादव र विमला अन्सारी रहेका छन् ।

# सामुदायिक वनमा राखिएको काठको चाङ्मा आगलागी, ५० लाखको क्षती



विकास अग्रवाल
रौतहट, ३ फागुन । नमुना सामुदायिक वनमा घाटगदी गरी राखेको काठमा बुधवार आगलागी हुँदा लाखौंको काठ जलेर नष्ट भएको छ । रौतहटको चन्द्रपुर नगरपालिका २ स्थित नमुना सामुदायिक वनमा घाटगदी गरी राखेको काठमा एक्कासी दिउँसो आगलागी भएको हो ।

सागरनाथ वन परियोजनाबाट फैलिएको आगो घाटगदी गरेर राखेको काठको चाङ हरुमा फैलिएको थियो । परियोजनाको टिकको जङ्गल हुँदै काठमा आगो फैलिएको नमुना सामुदायिक वनका अध्यक्ष विनोद चौधरीले बताए । आगोलाई नियन्त्रणमा लिन चन्द्रपुर, हरिवन नगरपालिकाको बारुणयन्त्रलाई हम्मेहम्मे परेको थियो। आगो एउटा चाङ बाट अर्को चाङ मा फैलिन नदिन स्काभेटरको सहायताले चाङ बाट छुट्याईएको थियो । वर्षोदेखि थुपारेर राखिएको सुकेका काठहरुमा दनदनी बलेको आगो ३ घण्टा पश्चात नियन्त्रणमा लिइईएको अध्यक्ष चौधरीले जानकारी दिए । आगोले १५–१६ वटा काठको चाङ मा लागेको र अन्दाजी ५० लाख रुपैया बराबरको क्षती भएको अनुमान गरिएको अध्यक्ष चौधरीले बताए । आगलागीबाट जलेका काठहरु अधिकांश सखुवा प्रजातिको रहेको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ ।

आगलागीबाट कति परिणामको काठ जलेर नष्ट भएको त्यसको यकिन विवरण हालसम्म नआईपुगेको डिभिजन वन कार्यालयका वन अधिकृत सुनिल कुमार कर्णले बताए ।

# तलब नपाउंदा शिक्षकहरुले गरे विद्यालय बन्द

मधेशदृष्टि
सर्लाही, ३ फागुन । सर्लाहीको कविलासी नगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु तलब नपाएको भन्दै आन्दोलनमा उत्रेका छन् ।

नगरपालिकाले ६ महिनादेखि शिक्षकलाई तलब नदिएपछि शिक्षकहरु विद्यालय बन्द गरी आन्दोलनमा उत्रेका हुन् । शिक्षकहरुको आन्दोलनका कारण नगरपालिकाका सबै विद्यालयमा पठनपाठन अवरुद्ध भएको छ । तलब नपाएसम्म अनिश्चितकालसम्म विद्यालय बन्द गर्ने निर्णय गरिएको शिक्षक महासंघका नगर सहअध्यक्ष राजेशकुमार यादवले बताएका छन् । मंगलबार पनि नगरभरिका शिक्षक विद्यालय बन्द गरी नगरपालिकाको कार्यालय अगाडि धर्नामा बसेका थिए । तलब पाउनुपर्ने माग राख्दै नगरपालिकामा ज्ञापनपत्र समेत बुझाइएको थियो । तर नगरपालिकाले कुनै चासो नलिंदा बाध्य भएर विद्यालय बन्द गर्नुपरेको विद्यालयका प्रधानाध्यापकहरुले जनाएको छ । नगरपालिकामा ३२ वटा सामुदायिक विद्यालय रहेका छन् । त्यसमध्ये ७ मावि र बाँकी आधारभूत विद्यालय छन् । ती विद्यालयमा हाल २३० शिक्षक, ७ विद्यालय कर्मचारी र ३० कार्यालय सहयोगी कार्यरत छन् ।

यसैबीच, नगर उपप्रमुख पुनम कर्णले शिक्षकहरुको समस्या समाधान चाँडै गरिने बताइन् । प्रमुख प्रशासकीय अधिकृत र लेखापालका कारण यो समस्या सिर्जना भएको उनको भनाइ छ । कहिले प्रमुख प्रशासकीय अधिकृत र कहिले लेखापाल नगरपालिको कार्यालयमा नआउने कारणले शिक्षकले समयमै तलब पाउन नसकेको उनले भनिन् ।

# प्रदेश सभाको कार्यव्यवस्था समिति गठन

मधेशदृष्टि , जनकपुरधाम, ३ फागुन । मधेस प्रदेश सभाको कार्यव्यवस्था परामर्श समिति गठन गरिएको छ । बुधबार बसेको प्रदेश सभाको पहिलो अधिवेशनको छैठौं बैठकबाट सभामुख रामचन्द्र मण्डलले १२ सदस्यीय कार्य व्यवस्था परामर्श समिति गठन गरेका हुन् । प्रदेश सभा सञ्चालन नियमावली २०७५ को नियम १३ बमोजिम प्रदेश सभामा पेश हुने विषयको प्राथमिकता, समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न र सभामुखलाई आवश्यक परे परामर्शका लागि कार्यव्यवस्था परामर्श समिति गठन गरिएको जनाइएको छ । सो समितिमा नेकपा एमालेबाट लखन दास तत्मा र हरिनारायण महतो, नेपाली कांग्रेसबाट कुमरकान्त झा र जिवछी कुमारी यादव, जनता समाजवादी पार्टीका रामअशिष यादव, जनमत पार्टीका चन्दन कुमार सिंह, लोकतान्त्रिक समाजवादी पार्टीकी रानी कुमारी तिवारी, नेकपा एकीकृत समाजवादी पार्टीका रत्नेश्वर गोइत यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीकी कञ्चन विच्छा, नेपाल संघीय समाजवादी पार्टीकी विमला अन्सारी र नागरिक उन्मुक्ति पार्टीकी उर्मीला देवी सिंहलाई दलीय सहमति अनुसार मनोनय गरिएको संसद सचिवालयले जनाएको छ ।

१३ सदस्यीय कार्यव्यवस्था परामर्श समितिमा नेकपा माओवादी केन्द्रबाट सांसदको नाम आउन बाँकी रहेको प्रदेश सभा सचिव रञ्जित यादवले बताएका छन् ।

# मधानी महायज्ञको लागी मौलापुरमा सरसफाइ

आरके श्रीवास्तव
गरूडा,३ फागुन । मधानी महायज्ञको लागी मौलापुर नगरपालिकामा सरसफाइ गरिएको छ । मधानी महोत्सव विशेष समारोह २०७९ आयोजनाको दिन नजिकिए सँगै तयारी तिव्र रूपमा भईरहेको छ । सरसफाइ कार्यक्रममा उपमेयर नागेन्द्र राय यादव,शिक्षा संयोजक राजेन्द्र साह सहित जनप्रतिनिधि र कर्मचारीहरू सहभागी थिए ।

मधानी महोत्सवको उदघाटन उपराष्ट्रपति नन्द बहादुर पुनसँग गराउने कार्यक्रम रहेको छ । उपराष्ट्रपति पुनले उदघाटन गरेपछि फागुन ०५ गते देखि मधानी महायज्ञ सुरू हुने भएको छ । यही फागुन ७ गते मौलापुर नगरपालिकाको आयोजनामा मधानी महायज्ञको समारोहमा चर्चित कलाकारहरु सहभागी हुन लागेका हुन् ।

रौतहट लगायत तराई क्षेत्रमा मनाइने भगवान शिवको विशेष अनुष्ठानको रुपमा रहेको मधानी महायज्ञको विश्वव्यापी प्रचार गर्न पुरातात्विक महादेव मन्दिर प्राङ्गणमा हरेक वर्ष नगरपालिकाले महायज्ञको आयोजना गर्दै आएको छ । महायज्ञमा भारतीय भोजपुरी सुपरस्टार पवन सिंह सँगै काजल राघवानी सँगै नेपाली तथा भारतीय कलाकार सहभागी हुने बताइएको छ ।

फागुन ५ गते उपराष्ट्रपती पुनले उदघाटन गरेपछि नेपाली सुपर स्टार भुवन केसी,भारतीय सुप्रसिद्ध गायिका इन्दु सोनालीको टिम द्धारा सांस्कृतिक प्रस्तुती रहने छ । त्यस्तै फागुन ६ गते भोजपुरी सुपर स्टार पवन सिंह,काजल राघवानी सहितका चर्चित कलाकारहरुको उस्थितीमा रह्ने आयोजक मौलापुर नगरपालिकाले जनाएको हो ।

फागुन ७ गते देवा थापा लगायत चर्चित पहलमानहरुद्धारा अन्तर र्राष्ट्रिय कुस्ती प्रतियोगिता सहित समापन हुने बताइएको हो । साथै फागुन ५ गते देखि प्रत्येक रात शिव मण्डलीद्धारा शिवलिला प्रर्दशन गरिने बताइएको हो ।

# स्वास्थ्यकर्मीहरुको लागि अभिमूखिकरण

मधेशदृष्टि, गरुडा,३ फागुन । रौतहट जिल्लाको फतुवा बिजयपुर नगरपालिकामा स्वास्थ्यकर्मीहरुको लागि अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको छ । सो नगरपालिकाको वडा नमबर ८ स्थित रहेको श्री माध्यमिक बिधालय बिजयपुरमा एक दिने हात्तीपाइले सम्बन्धि अभिमूखिकरण तालिम राखिएको थियो । राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रम २०७९ अन्तर्गत सो तालिम दिएको हो । मंगलवार सो पालिकाको जनप्रतिनिधीहरु, विभिन्न शाखाका प्रमुख, स्वास्थ्य चौकी इन्चार्जहरुको सहभागितामा एक दिने पालिका स्तरीय अभिमूखिकरण गरिएको थियो । बुधवार भने स्वास्थ्यकर्मीहरु सँग गरिएको थियो । सबैले हात्तीपाइले रोग(फाइलेरिया) विरुद्धको औषधी सेवन गरौं,अशक्त,अपांग र कुरुप गराउने दीर्घ रोगबाट आफू पनि बचौं अरुलाइ पनि बचाऔं भन्ने मूल नाराका साथ यहि फागुन ११ गते देखि हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने अभियान सञ्चालन भइरहेको छ । त्यसलाइ सफ पार्न जिल्लामा अहिले धमाधम अभिमूखिकरणहरु भइरहेका छन् । फतुवा बिजयपुर नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा भएको कार्यक्रममा हात्तीपाइले रोग सम्बन्धी महत्वपूर्ण जानकारीहरु गराइएको थियो । कार्यक्रममा प्रशिक्षक मनिषा ढकालले सहजकिरण गर्नु भएको थियो । सो अवसरमा अधिकृत प्रमोद गुप्ता सहित नगरभरिका स्वास्थ्यकर्मीहरुको सहभागीता रहेको थियो ।

# यातायातबाट दुई बिचौलिया पक्राउ

धेशदृष्टि
जनकपुरधाम, ३ फागुन । प्रहरीले यातायात व्यवस्था कार्यालय जनकपुरधामबाट दुईजना बिचौलियालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको लोहारपट्टी नगरपालिका-३ बस्ने ३३ वर्षीय अनिल साह र एकडारा गाउँपालिका-३ बस्ने ३५ वर्षीय विरेन्द्र साह रहेको जनाइएको छ ।

साहद्वयलाई यातायात कार्यालयमा आउने सेवाग्राहीहरुलाई काम छिटो छरिटो गराइदिन्छु भनि आर्थिक लाभ लिई बिचौलियाको काम गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको प्रहरी टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रकाश गौतमले जानकारी दिएका छन् । सेवा ग्राहीहरूसँग तोकेको कर शुल्क भन्दा बढी रकम लिइरहेको अवस्थामा उनीहरू दुबैजनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा ल्याएर थप अनुसान्धान भइरहेको डीएसपी गौतमले बताए ।

# यमुनामाइमा किसानहरु सँग एक दिने अन्तरक्रिया

मधेशदृष्टि, गरुडा,३ फागुन । रौतहट जिल्लाको यमुनामाइ गाउँपालिकामा व्यापारी,सेवा प्रदायक र किसान बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बुधवार सो गाउँपालिकाको वडा नम्बर ४ सरुअठामा एक दिने अन्तरक्रिया कार्यक्रम राखिएको थियो । ग्रामीण उधम तथा विप्रेषण आयोजना (समृद्धि ) जनकपुर कोरिडोर कार्यालय जनकपुरधामको आयोजनामा तरकारी आपूर्ति श्रृखला सम्बद्ध व्यापारी,सेवा प्रदायक र किसान बिच व्यापार विस्तार र समन्वयका लागि अन्तरक्रिया गरिएको थियो । यमुनामाइ गाउँपालिका वडा नम्बर ४ रहेको सरुअठामा रहेको श्री ब्रह्मस्थान महिला कृषक समुहमा आबद्ध किसानहरुको सहभागिता रहेको थियो । श्री ब्रह्मस्थान महिला कृषक समूहकी अध्यक्ष परमिला देवी ठाकुरको अध्यक्षतामा कार्यक्रम गरिएको थियो । कार्यक्रमको मुख्य उदेश्य समूहहरू द्वारा उत्पादन गरिएका हरियो तरकारीहरूलाई सामुहिक बजारीकरण मार्फत बिक्री गर्नु रहेको छ ।

साथै समुहहरूलाई वार्षिक तरकारी उत्पादन योजना ,बेमौसमी तरकारी खेती गर्ने प्रक्रिया, गुणस्तरीय विउविजन र यसका फाईदा बारे समेत सेवा प्रदायक,व्यापारीहरुलाइ व्यापारी मकसुद मिया द्वारा जानकारी गराईएको थियो । सो अवसरमा यमुनामाई गाउँपालिका कृषि अधिकृत प्रसाद गुप्ता,व्यापारी रविशंकर गुप्ता लगायत कृषकहरुको सहभागिता रहेको आयोजनाका कर्मचारी अकिल अहमदले अंसारी जानकारी गराए ।

# सारस्वरनाथ मन्दिरबाट साढे चार किलो चाँदीको जलहरी चोरी

मुकेस कुमार यादव
सिरहा, ३ फागुन । सिरहाको प्राचीन सारस्वरनाथ महादेव मन्दिरबाट शिवलिंगमा जडित चाँदीको जलहरी चोरी भएको छ । सिराहा नगरपालिका १२ कमला नदीको पूर्वी किनारमा रहेको प्राचीन सारस्वरनाथ महादेव मन्दिरबाटे शिवलिंगमाथि जडित साढे चार किलोको चाँदीको जलहरी मंगलबार राति चोरी गरेको हो ।

चोरहरुले मन्दिरका पुजारी सोभिलाल यादवल सुतेको कोठा बाहिबाट लक गरी चोरी गरेको पुजारीले बताए । राति उठ्न खोज्दा ढोका थुनिएकोले समयमै छरछिमेकलाई खबर गर्न नसकिएको उनले बताए । चोरी भएको चाँदीको जलहरी अहिलेको मूल्यमा पाँच लाख वढी मूल्यको रहेको उनले बताएका छन् ।

मन्दिरबाहिर र शिवलिंग रहेको कक्षभित्र पनि सिसिटिभी जडान गरे पनि अज्ञात समूहले शिवलिंगमा जडान गरिएको चाँदीको जलहरी चोरी गरेको छ । चोरहरूले शिवलिंगबाहिर रहेको आधा किलोको तामाको नाग, दानपेटिकासमेत चोरी गरेका छन् ।

चोरहरुले आफूलाई सुरक्षित राख्न सिसिटिभी क्यामेराको रिसिभर पनि चुंडाएर लगेको छ । सारस्वरनाथ महादेव मन्दिरका पुजारी सोभिलाल यादवले पाँच वर्षअघि सारस्वरनाथ महादेवको शिवलिंगमा राजन भारतीले आफ्नो निजी लगानीमा चाँदीको जलहरी लगाएका बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सिराहाले सारस्वरनाथ महादेव मन्दिरमा अवस्थित सारस्वरनाथ महादेवको शिवलिंगबाट जलहरी चोरी गर्ने चोरहरूको खोजी भइरहेको जनाएको छ । घटनाबारे जानकारी पाउनासाथ तत्काल पुगेका प्रहरीले कमला पुलनजीकबाट फोडिएको दान पेटी, मन्दिरमा कामगर्न आएका एकजनाको मोवाईल फेला परेको जिल्ला प्रहरी कार्यालय सिराहाका निमित्त सूचना अधिकारी इन्सपेक्टर रामचन्द्र साहले बताए । मन्दिरबाट चोरी भएको चाँदीको जलहरी चोरीबारे अनुसन्धान भइरहेको बताए ।

# योजनामा विपद् ब्यवस्थापन समावेश गर्न शिक्षकलाई तालिम

मधेशदृष्टि
सप्तरी, ३ फागुन । सप्तरीमा सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा विपद् सम्पर्क शिक्षकका लागि बुधबार देखि दुईदिने तालिम सञ्चालन गरेको छ ।

जिल्लाको तिलाठी कोईलाडी गाउँपालिकाले सामुदायिक विद्यालयले बनाउने गरेको विद्यालय सुधार योजनामा विपद् ब्यवस्थापनका सवालहरुलाई प्रभावकारी रुपमा समावेश गर्न तालिम सञ्चालन गरिएको हो । सामुदायिक विद्यालयहरुले पाँच बर्षका लागि बनाउने गरेको विद्यालय सुधार योजनामा विपद् ब्यवस्थापनका योजनाहरुलाई पनि समेट्नु पर्ने भएकोले दुई दिने तालिमको आयोजना गरिएको गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए । युनिसेफको सहयोगमा गाउँपालिकाको वन, वातावरण तथाविपद् ब्यवस्थापन शाखाले आयोजना गरेको सो तालिममा विद्यालय सुधार योजना निर्माण सम्बन्धी दक्षता अभिवृद्धि गर्ने, विपद् का सवालहरुको प्रभावकारी रुपमा सम्बोधन गरी समाधानका उपायहरु पहिल्याउने, विद्यालयमा रहेको विपद्को सम्भावित जोखिमहरुको पहिचान गर्ने र विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन प्रभावकारी योजना निर्माण गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको विपद् ब्यवस्थापन अधिकृत झाले बताए । गाउँपालिकाका १७ वटै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा विपद् सम्पर्क शिक्षकहरुको सो तालिमा सहभागिता रहेको छ । तालिममा गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत झा, सुरुङ्गा नगरपालिकाका शिक्षा शाखाका भोगेन्द्र कुमार यादव, युनिसेफका नथुनी मोचीले सहजीकरण गर्ने तिलाठी कोईलाडी गाउँपालिकाले जनाएको छ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# फतुवा बिजयपुरमा पालिका स्तरीय हात्तीपाइले सम्बन्धि अभिमुखिरण



आरके श्रीवास्तव
गरूडा,फागुन ३ गते
रौतहटमा पालिका स्तरीय हात्तीपाइले रोग सम्बन्धि गोष्ठ सम्पन्न भएको छ । जिल्लाको फतुवा बिजयपुर नगरपालिकामा एक दिने पालिका स्तरीय राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रम गरिएको छ।

फतुवा बिजयपुर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा वडा नम्बर ९ मा रहेको श्री माध्यमिक विद्यालय बिजयपुरमा सो अभिमुखिरण सम्पन्न भएका हो । हात्तीपाइले उन्मुलनको लागि " हात्तीपाइले विरूद्धको औषधी खाऔं, यो वर्षलाई अन्तिम बनाऔं " भन्ने नारा सहित सुरू हात्तीपाइले अभियान चलाउन लागिएको हो।

कार्यक्रममा पालिकाको जनप्रतिनिधीहरु, विभिन्न शाखाका प्रमुख, स्वास्थ्यकर्मी लगायतका व्यत्तीहरुको सहभागिता रहेको थियो । हात्तीपाइले विरूद्धको औषधी खाएपछि कुनै पनि गम्भीर असर नपर्ने बताउँदै प्रशिक्षकले औषधीको बारेमा रहेको नकारात्मक सोचलाई हटाई यसको प्रयोगमा ध्यान दिनुपर्ने कुरामा जोड दिएका थिए। नेपाल सरकारले सन २०३० सम्म हात्तीपाइले उन्मुलन गर्नुपर्ने लक्ष्य लिएको बताउँदै जनस्वास्थ्य अधिकृत प्रशिक्षक मनिषा ढकालले सो लक्ष्यमा केन्द्रित भइ स्वास्थ्यकर्मीले जिम्मेवारीपूर्ण ढंगले यसको उन्मुलनमा लाग्नु पर्ने बताए।

सो अन्तरक्रियामा फतुवा बिजयपुर नगरपालिकाकी कार्यवाहक नगर प्रमुख अम्बेया खातुन,स्वास्थ्य शाखा प्रमुख रघुनाथ साह,सह संयोजक दिनेश ठाकुर,नि.प्रमुख प्रशासकिय अधिकृत हंसराज यादव,अधिकृत प्रमोद गुप्ता, वडा नम्बर ६ का वडा अध्यक्ष रामएकलवाल यादव, नम्बर ९ का वडा अध्यक्ष राकेश यादव,विभिन्न वडाका वडाध्यक्षहरू,जिन्सी शाखा प्रमुख हिरालाल महतो,स्वाथ्य चौकी सितलपुरका कार्यालय प्रमुख रमेश यादव,जितेन्द्र यादव, स्वास्थचौकी प्रमुख, स्वास्थ्यकर्मी तथा श्री मावि बिजयपुरका प्रधानाध्यापक शंकर यादव लगायतका व्यक्तीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा प्रमोद गुप्ता,मनिषा ढकाल र राजदेवीको स्वास्थ्य शाखा प्रमुख साहले सहजीकरण गरेका थिए।

# पुल निमार्णका लागि अनशनमा बसेका सहनीको स्वास्थ्य अवस्था बिग्रदै

विकास अग्रवाल
रौतहट, ३ फाल्गुन । पुल निमार्णको माँग गर्दे आमरण अनशनमा बसेका सञ्जय सहनीको स्वास्थ्य अवस्था बिग्रदै गएको छ।

विगत ९ वर्ष देखि अलपत्र अवस्थामा रहेको पक्की पुल निमार्णका लागि तीन दिन देखि अनशनमा बस्दै आएका सहनीको स्वास्थ्य अवस्था बिग्रदै गएको हो। गौर नगरपालिका ४ टिकुलिया घाटस्थित लालबकैया नदीमा अलपत्र अवस्थामा रहेको पुलको निमार्ण कार्य तथा निमार्ण व्यवसायी पप्पु कन्स्ट्रक्सनलाई कारबाहीको माँग गर्दे स्थानीय सहनी सोमवार साझदेखि अनशनमा बसेका थिए।

सदरमुकाम गौर र इशनाथ नगरपालिका जोड्ने मुख्य सडक अन्र्तगत रहेको लालबकैया नदीमा निमार्णाधिन पुलको गुणस्तर छानबिन र तत्काल निमार्ण प्रक्रिया अघि बढन माँग गर्दे आन्दोलनरत सहनीको स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको चिकित्सकहरुले बताएका छन् । शरीरमा पानीको मात्रा कम हुँदै गएको, ब्लडप्रेशर कम रहेको लगायतका विभिन्न समस्याहरु देखा पर्न थालेको अनशनकर्ता सहनीको स्वास्थ्य चेक जाँच गर्न पुगेका चिकित्सकले बताए।

गत तीन दिन देखि अनशनमा बसेका सहनीको माँग प्रति हालसम्म रौतहटबाट निर्वाचित प्रतिनिधी तथा प्रदेश सभा सदस्यहरुले कुनै चासो नलिएको गुनासो सहनीले गरेका छन्।

मंगलवार सहनीले सञ्चारकर्मीहरुसँग कुराकानी गर्दे पुल निमार्णका लागि हालसम्म रौतहट क्षेत्र नम्बर एकका सांसद तथा नेकपा एकिकृत समाजवादीका केन्द्रिय अध्यक्ष माधवकुमार नेपाल, क्षेत्र नम्बर दुईका सांसद तथा नेकपा एमालेका नेता किरण साह लगायत प्रदेश सभाका सदस्यहरुले समेत कुनै चासो नदेखाएको आरोप लगाए।



पुल निमार्णमा चासो देखाएका स्थानीय बासिन्दाहरुको अनशन स्थलमा बाक्लो उपस्थिती हुने गरेको देखिन्छ भने हालसम्म सरकारी निकायबाट कुनै निरीक्षण नगरिएको आरोप स्थानीय बासिन्दाहरुले लगाएका छन्। यो आमरण अनशनबाट नै पुल निमार्ण गराउने लक्ष्य बोकेका सर्वसाधारणहरुले समेत सहनीको साथमा उभिएका देखिन्छन्।

टिकुलिया घाट स्थित लालबकैया नदीमा पुल नहुँदा सर्वसाधारणहरु सुख्खा मौसममा डाइभर्सन गरी निमार्ण गरिएको बाटोमा तथा वर्षा याममा डुढा चढेर ओहोरदोहोर गर्न बाध्य हुने गरेका छन्।

# सन्त रामपालको बोध दिवस भव्य रुपमा मनाइँदै

मधेशदृष्टि
जनकपुरधाम,३ फागुन । धनुषाको मिथिला न.पा.- २, बेलाचापी स्थित सतलोक आश्रम धनुषामा पूर्णब्रह्म कबीर उपासक समाज नेपालको आयोजनामा सन्त रामपालजी महाराजको ३६ औं बोध दिवस भव्य रुपमा मनाइँदैछ । बोध दिवसको उपलक्ष्यमा अमरग्रन्थ साहेबको तीन दिवसीय (फाल्गुन ३ देखि ५ गते सम्म) अखंड पाठ र विशाल भण्डारा बुधवार देखि शुरु भएको छ। कार्यक्रममा मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डल तथा मधेश प्रदेशको गृहमंत्री शत्रुधन सिंहले भ्रमण गरेका छन।

भ्रमण पश्चात सभामुख मण्डल र मन्त्री सिंहले कार्यक्रममा आयोजना गरिएको भण्डारमा प्रसाद समेत ग्रहण गरेको जनाइएको छ।

भ्रमण पश्चात गृहमन्त्री सिंहले विभिन्न धर्म सम्प्रदायका व्यक्तिहरु भएपनि कुनै किसिमको विभेद, असमानता नदेखिएको र आपसी सद्भाव, भाइचाराका साथ अनुशासित भएर निस्वार्थ सेवा गरेको देखेर एकदमै हर्षित भएको अनुभव साझा गरेका थिए । उनले यस्ता कार्यक्रमले समाजबाट सबै विभेद अन्त्य हुने र समाजमा शान्ति स्थापना हुने भएकोले अन्यत्र पनि गर्नुपर्ने बताए। सन १९८८ मा सन्त रामपालजी महाराजले परम सन्त रामदेवानंदजी संग दीक्षा प्राप्त गरे तथा तन-मन-धन ले सक्रिय भएर स्वामीजी द्वारा बताइएको भक्ति मार्गको साधना गर्दै परमात्माको साक्षात्कार गरेको बताइन्छ। अनुयायीहरुका अनुसा सन १९८८ फरवरी १७ तारिख फाल्गुन औंशीको रात्रिमा संत रामपालजी महाराजलाई मन्त्रदीक्षा प्राप्त भएको थियो । उपदेश दिवस (दीक्षा दिवस) लाई संतमतमा उपदेशी भक्तको आध्यात्मिक जन्मदिन मानिन्छ। संत रामपालजी महाराजले दिक्षा लिएको दिनको स्मृतिमा उनको बोध दिवस मनाइएको हो र सो को उपलक्ष्यमा नेपाल र भारत गरी ९ वटा सतलोक आश्रमहरुमा विशाल भंडारा, घ्यूको अखण्ड दीप प्रज्वलन सहित तिन दिन सम्म सन्त गरिब दासजीको अमृतवाणीको अखण्ड पाठ गरिन्छ जुन बुधवारदेखि शुरु भएको छ । यसका साथै निःशुल्क मन्त्रदीक्षा, रक्तदान शिविर, दाइजो तथा आडंबर रहित आदर्श विवाह आदि कार्यक्रमहरुको पनि आयोजना गरिएको छ । नेपाल, भारत, सीक्कीम, भुटानबाट हजारौंको संख्यामा श्रद्धालुहरु सहभागी भएको यस भण्डारामा शुद्ध घ्युमा बनेका लड्डु,जेरी,हलुवा प्रसाद मुख्य रहेको छ भने आश्रममा आउने हरेक व्यक्तिलाई फर्किने बेलामा उक्त प्रसादको एक पोका पनि साथमा घर लैजानका लागि दिइने गरिएको छ । आश्रमका सबै व्यवस्थाहरु सर्व आगन्तुकका लागि निःशुल्क रुपमा प्रदान गरिएको जानकारी संस्थाका अध्यक्ष कुमार डंगोलले जानकारी दिए । सन्त रामपालजी महाराज द्वारा लिखित ज्ञान गंगा, गीता तिम्रो ज्ञान अमृत,जीउने मार्ग जस्ता आध्यात्मिक ज्ञानयुक्त पुस्तकको सेवा पनी यस कार्यक्रममा गर्रिदैछ । फाल्गुन ५ गते समापन हुने यस कार्यक्रममा प्रदेशका विशिष्ट व्यक्तीत्वहरुको उपस्थिती रहने बताइएको छ।

# मावि बिजयपुरको सूचना अधिकारीमा यादव

आरके श्रीवास्तव
गरूडा,३ फागुन । रौतहट जिल्लाको फतुवा बिजयपुर नगरपालिका अन्तर्गत वडा नम्बर ८ मा रहेको श्री माध्यमिक बिधालय बिजयपुरको सूचना अधिकारीमा उपेन्द्र प्रसाद यादव नियुक्त भएका छन् । बिधालयको शिक्षक समेत रहेका यादवलाई सूचना अधिकारीको थप जिम्मेवारी दिइएको हो । यस अघि सूचना अधिकारी थिएन् । उनलाई २०७९ माघ २४ गते देखि लागु हुने गरी यादवले जिम्मेवारी पाएको प्रधानाध्यापक शंकर राय यादवले जानकारी दिएका छन् । यादव २०५३ सालदेखि शिक्षण पेशामा आबद्ध छन्। बिगत २६ वर्षदेखि उनी अध्यापन गराउँदै आएका छन्। उनले मानविकी संकायमा स्नातकोत्तर गरेका छन् । यादव प्रा.शि. द्वितीय श्रेणीका शिक्षक हुन् । थप जिम्मेवारी पाएपछि उनले खुशि व्यक्त गर्दै बिधालयको सर्वाङ्गिन विकासमा आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । सर्वसहमत रूपमा बिधालयको सूचना अधिकारीको रूपमा चयन गरिएको छ । बि.स.२०४२ सालमा स्थापना भएको सो बिधालयमा सूचना अधिकारी थिएन । नयाँ प्रअको यादव आएपछि यो परम्पराको सुरूआत गरेका हुन् । फलस्वरूप उपेन्द्र प्रसाद यादव बिधालयको प्रथम सूचना अधिकारीको रूपमा नियुक्त भएका हुन् ।साथै शेख नेसार आलम लाई श्री मावि बिजयपुरको सहायक प्रधानाध्यापकको जिम्मेवारी दिइएको हो। एक कार्यक्रमका बिच प्रधानाध्यापक यादवले टीका माला लगाई दुबै जनालाई कार्यकाल सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । साथै बिधालयका शिक्षकहरूले पनि बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

# मावि बलिरामपुरमा तालाबन्दी, विद्यालयमा एकजना पनि छैन मावि शिक्षक



मधेशदृष्टि
रौतहट, ३ फागुन । रौतहटको कटहरिया नगरपालिका स्थित माबी बलिरामपुरमा विद्यार्थीहरुले तालाबन्दी गरेका छन।

बुधबार बिधालयमा कक्षा संचालन रहेको समय शिक्षकहरुलाई बाहिर निकालेर विद्यार्थीहरुले बिध्लायमा तालाबन्दी गरेका हुन । पटकपटक बिषयगत शिक्षकको मागगर्दा मेयर अजयप्रकाश जैसवाल तथा वडा ५ का अध्यक्ष सर्फलाल गुप्ताले वास्ता नगरेको कारण बाध्यभएर बिधालयमा तालाबन्दी गरिएको कक्षा ९ मा अध्ययनरत विद्यार्थी रबी किसनले बताएका छन।

शिक्षक पुरागर्न बिधालयमा आवाज उठाउंदा अध्यक्ष गुप्ताले १ हप्ता भित्र बिषयगत शिक्षक पठाउने बताएका थिए। तर गुप्ताले भनेको दुई महिना बित्दा पनि शिक्षक नपठाएको विद्यार्थीहरुले गुनासो गरेका छन । एकजना पनि माबी शिक्षक नभएको माबी बलिरामपुरमा अध्ययनरत दर्जनौं विद्यार्थीको भविस्य संग मेयर जैसवालले खेलवाड गरिरहेको अभिभावकहरुले बताएका छन। कक्षा १० मा ३० ,९ मा ५० गरि बिधालयमा ४०० विद्यार्थी संख्या रहेको छाबिधालयमा ४ जना प्राबी दरबन्दीमा,३ जना अनुदानमा तथा निजिस्रोत गरेर कुल ९ जना प्राबी स्तरका सिक्षक रहेको प्रधानाध्यापक देवेन्द्र जैसवालले बताएका छन । उनिहरुले जसोतसो माबीका विद्यार्थीलाई अध्यापन गराईरहेका छन। तर बिधालयमा सामाजिक ,जनसंख्या तथा कम्प्युटर बिषयमा पढाउने एकजना शिक्षक पनि नरहेको प्रधानाध्यापक जैसवालले जानकारी दिएका छन।

बिधालयको रिक्त दरबन्दी पूरा गर्न मेयर जैसवालले आश्वासन मात्र दिंदै आएको बताएका छन। कटहरिया नगरपालिका बाट निजिस्रोतमा खटेका केही शिक्षक एकबर्ष भन्दा बढी समय देखि तलब खान नसकेको गुनासो प्रधानाध्यापक जैसवालले गरेका छन ।कटहरियाका नगरशिक्षा संयोजक अनिल निधिले बिषयगत शिक्षक को लागि पहल भैरहेको तथा केही समयभित्रै पूरा हुने बताएका छन।


## बिन्दबासिनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
वहुअर्वा भाठ्, पर्सा
मधेश प्रदेश, नेपाल

**माछा पालन प्रयोजनका लागि सार्वजनिक पोखरीको खुल्ला डाँक बढाबढ सम्बन्धि सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०७९/११/०४)**

यस बिन्दबासिनी गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखारीहरु मध्ये तपसिल बमोजिमका पोखरीमा माछा पालन प्रयोजनका लागि ठेकाको सम्झौता भएको मिति देखी ५ (पाँच) वर्षको लागि पोखरी ठेकमा बन्दोबस्ति गर्नु पर्ने भएकोले पोखरीको खुला डाँक बढाबढमा भाग लिन इच्छुक व्यक्ति वा फर्म देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रित पुर्वकको बढाबढमा भाग लिन यो सूचना प्रकाशित गरिएको छ।

१. **निवेदन दिनुपर्ने अन्तिम मिति** : यो सूचना प्रकाशित भएको मिति देखी ३० औं दिनसम्म यस कार्यालयको नाममा सनराइज बैंक लि. बिन्दबासिनी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०७५०४९८५७३७०३००८ मा रु ३०००।– (तीन हजार मात्र) (पछि फिर्ता नहुने गरी) रकम बुझाए पश्चात कार्यालय बाट रसिद लिई सम्बन्धित व्यक्तिले नागरिकताको प्रतिलिपी तथा फर्मको हकमा अधिकार प्राप्त प्रतिनिधिले फर्मको व्यवसाय दर्ता प्रमाणाम पत्र , नविकरण प्रमाण, स्थायी लेखा नम्बर (PAN), आ.ब.२०७८।०७९ को कर चुक्क्ता प्रमाण पत्र साथ यस कार्यालयबाट प्राप्त गरेको प्रमाणित ढाँचामा विवरण भरि ३० औ दिन सम्म डाँक बढावढमा भाग लिन निवेदन दर्ता गराउनु पर्ने छ। निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन कार्यालय समयमा हुनेछ ।
२. **ठेक्काको किसिम : खुल्ला डाँक बढाबढ ।**
३. बढाबढ पश्चात ठेका सम्झौता हुन पूर्व पोखारी मर्मत वा सरसफाई गर्न मोनासिब भएमा कार्यालयले लागत अनुमान तयार गरि मर्मत वा सरसफाइ गराउने छ।
४. डाँक बढाबढ गर्दा राखिने ५% नगद धरौटी ठेका पर्नेको हकमा अन्तिम किस्तामा मिनाहा गरिने छ भने , ठेका नपर्ने को हकमा ठेका सम्झौता भए पश्चात फिर्ता गरिने छ।
५. ठेकाको पहिलो वर्ष पश्चात, बाँकी ४ वर्ष पोखारी मर्मत सम्भारको जिम्मा सम्बन्धित ठेकेदारको हुनेछ।
६. ठेका सकार गर्ने व्यक्ति वा फर्मले ५ वर्षको ठेका अवधि भरिको लागि कृषि बीमा गराउनु पर्नेछ।माछा वा पोखारीमा कुनै किसिमको हानि नोक्सानी भएमा कार्यालयले किस्तामा छुट दिने छैन्।
७. ठेका सकार गर्ने व्यक्ति वा फर्मले सम्झौता गरि चलन पुर्जी लिनु पूर्व पहिलो किस्ता वापतको रकम कार्यालयमा बुझाएको तथा बाँकी ४ किस्ता बराबरको रकमको हकमा सम्पति रोका वा ठेकाको अवधि सम्म म्याद रहेको बैंक ग्यारेनटि पेश गर्नु पर्नेछ।
८. आवेदन फारम खरिद गरि रित पूर्वक दर्ता गराएको व्यक्ति वा फर्मको १ जना प्रतिनिधिलाई मात्र डाँक बढाबढमा सहभागि गराईनेछ ।डाकवढावढ गर्दा एक पटकमा न्यूनतम रु.५००००।– र अधिकतम रु.२०००००।– मात्र बढन पाइने छ।
९. थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।
१०. यस टेन्डर सम्बन्धी कुनै निर्णय लिने अन्तिम अधिकार कार्यालयमा निहित रहने छ।

**तपसिल :**

| ठेका नं. | पोखरीको नाम | अवस्थित (साविक) | निवेदन दस्तुर रु. | डाँक बडाबड हुने मिति र समय |
|---|---|---|---|---|
| ०३/०७९/८० | भेल्हा प्रा.वि. सँगैको सार्वजनिक पोखरी | गा.वि.स. प्रसौनी–१, किता नं.१४ | ३०००।– | पछि प्रकाशित गरिनेछ। |

प्रमुख प्रशासकिय अधिकृत

## सम्पादकीय

# आत्महत्याबारे सुक्ष्म अध्ययन र उपचार आवश्यक

आत्महत्याका समाचारहरु दिनदिनै आउँन थालेका छन् । पत्रपत्रिकामा आत्महत्याका  समाचारहरु प्रकाशीत गर्न हुँदैन भन्ने मान्यता थियो, केही दशक अघिसम्म । घटनाहरु महत्वकासाथ प्रकाशीत, प्रसारित गर्यो भने त्यसले अन्यलाई प्रोत्साहन गर्नसक्छ भन्ने मान्यता थियो ।

तर, त्यो मान्यता अहिले धुमिल भएको छ ।र, आत्महत्याका पछाडि आर्थिक, सामाजिक लगायतका कारण रहेछन् भने त्यस्ता सूचनाले महत्वकासाथ स्थान पाउँन थालेको छ । र, आत्महत्या गर्न कसैले प्रोत्साहित गरेको प्रमाणीत भएको अवस्थामा त्यस्ता व्यक्तिमाथि कानूनी उपचारको व्यवस्था पनि छ ।

मधेश प्रदेशको सप्तरीको मात्र आँकडाले समस्या विकराल देखाउँछ । आत्महत्या गर्नेको क्रम बढ्दो मात्र छैन् तथ्याङ्क पनि डरलाग्दो छ । दुई बर्ष ७ महिनाको अवधिमा सप्तरीमा तीन सय १४ जनाले आत्महत्या गरेका छन् । जसमध्ये झुण्डिएर मर्नेको संख्या दुई सय ३० रहेको छ भने विष सेवन गरी ८४ जनाले आत्महत्या गरेका छन् ।  यस आर्थिक बर्षको साउन देखि अहिलेसम्ममा ६० जनाले आत्महत्या गरिसकेका छन् । पछिल्लो ७ महिनाको औसतलाई हेर्ने हो भने प्रति महिना ८ जना भन्दा बढीले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

आर्थिक समस्या, अशिक्षा, समस्याबाट लडने क्षमता नभएको र मनले चिताएको आकांक्षा पुरागर्न नपाएपछि डिप्रेसनमा गएर आत्महत्या गर्ने गरेको विज्ञहरु बताउँछन् ।

आत्महत्याका पछाडि प्रमुखरुपमा दुईटा कारण देखिन्छन् । एउटा मनोवैज्ञानिक अर्को आर्थिक सामाजिक । मानसिक कारणले आफूलाई सम्हाल्न नसक्ने, कमजोर मनस्थितिका कतिपय व्यक्तिहरु आत्महत्या रोज्दछन् । यस्ता मानसिकरुपले कमजोर तथा डिप्रेसनमा रहेकाहरुको रोकथाम र उपचार संभव छ । औषधि सेवन, मनोवैज्ञानिक परामर्श र परिवारका सदस्यहरुले त्यस्ता व्यक्तिहरुमाथि निगरानी बढाउँदा धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । किशोरावस्था उमेरकाहरुमा पनि यस्तो समस्या छ । युवा युवतीहरुमा तनाव सहने क्षामता कम हुनु र ईलेक्ट्रोनिक उपकरण तथा ईन्टरनेटको प्रयोगले सोचाईमा परिवर्तन आएर समस्याको समाधान खोज्नुको साटो जिवन नै समाप्त गर्ने बाटो रोज्ने गरेको देखिन्छ । किशोरकिशोरीका बारेमा अभिभावक, अध्ययन गर्ने शिक्षण सस्थाले प्रत्येकको राम्रो निगरानी राख्ने, आवश्यक परेमा मनोचिकित्सको सेवा लिने व्यवस्था उपयोगी हुनसक्छ ।

पछिल्लो समय मिडियामा चर्चामा आएका आत्महत्याका घटना भने आर्थिक सामाजिक समस्यासँग जोडिएका छन् । ऋणको बोझ, आर्थिक अभावका कारण भएका आत्महत्याबारे समाज, स्थानीय सरकार, संघीय तीनवटै सरकारको समन्वयात्मक हिसावले काम गर्ने समय आएको छ । यसका लागि सुक्ष्म अध्ययन हुनुपर्दछ ।बैंक, वित्तिय संस्थाले तारन्तार ऋण,ब्याज बुझाउन दबाव दिएपछि आत्महत्याको बाटो रोजेको कतिपय घटनाले देखाएका छन् ।र,यस्ता घटनाका पछाडि लघुवित्त कम्पनी, सहकारीहरुको नाम बढी आइरहेको छ । चर्को, चक्रवृती ब्याज र लगातारको ताकेताकै कारण ऋणुहरु मृत्यु रोज्न पुगेको घटनाहरुलाई गंभिरतापूर्वक लिनुपर्दछ र वित्तिय संस्थाले ऋणिहरुसँग गर्ने व्ववहारमा आमुल परिवर्तन आवश्यक देखिएको छ । गरिबी र रोजगारीसँग जोडिएका कतिपय आत्महत्यामा समाज र राष्ट्र दोषि छ । कोरोना महामारी पछि नेपालमा मात्र होइन विश्वमै आत्महत्याको दर बढेको पाइन्छ । आर्थिक मन्दी, महामारीका कारण पनि आत्महत्या दर बढ्नसक्छ, बढेको छ।

आत्महत्या सामाजिक समस्याकोरुपमा देखिइसकेको छ । यस्तो समस्या हामीकहाँ मात्र होइन संसारभर छ । नेपालको कुरा गर्दा सबै क्षेत्र र प्रदेशमा एकै खालको प्रवृति छैन । नेपाल प्रहरीको तथ्याङ्क अनुसार प्रत्येक एकलाख जनसंख्यामा प्रदेश नं १ मा ६५ जनाले आत्महत्या गर्दछन् । मधेश प्रदेशमा सबै भन्दा कम ३३ जनाले, बागमति प्रदेशमा ३६ जनाले, गण्डकी प्रदेशमा ५२ जनाले, लुम्बिनी प्रदेशमा ५८ जना, कर्णाली प्रदेशमा ४२ जना र सुदुरपश्चिम प्रदेशमा ३७ जनाले आत्महत्या गरेका छन् । तथ्याङ्कका आधारमा मधेश प्रदेश अहिले तुलनात्मक हिसावले कम आत्महत्या हुने प्रदेशमा परेको छ ।   विश्व स्वास्थ संगठन( डब्लुएचओ) का अनुसार विश्वभरिमा आत्महत्या गरेर इहलिला समाप्त गर्नेहरुको संख्या ७ लाख नाघेको छ । जसमध्ये ७७ प्रतिशत कम आय भएका देशहरुमा हुने गरेको छ ।

तथ्याङ्कहरुले आत्महत्या गर्नेहरु मध्ये १५ देखि १९ वर्ष उमेर समुहकाहरुको मृत्यको चौथो कारण आत्महत्या बनेको छ । डरलाग्दो रुपले फैलिरहेको आत्महत्या न्यूनिकरण गर्न डब्लुएचओले सन् २०१३–३० सम्ममा मेन्टल हेल्थ एक्सन प्यान बनाएको छ । नेपाल लगायतका सदस्य राष्ट्रले त्यो योजना लागु गर्ने भनेका छन् र सन् २०३० सम्ममा अहिले भैरहेको आत्महत्याको दरलाई एक तीहाईले घटाउने प्रतिवद्धता छ । सरकारले आत्महत्यालाई गंभिर सामाजिक समस्याको रुपमा लिने समय भैसकेको छ । सरकारको काम घटनाहरुको विवरण राख्नेमात्र होइन । कुन क्षेत्र के के कारणले आत्महत्या भैरहेको छ ? सुक्ष्म अध्ययन गरेर सोही अनुसार उपचारका कार्यक्रम चलाउनसक्नुपर्दचछ ।मनावैज्ञानिक उपचार, काउन्सिलिङ्ग, धार्मिक, अध्यात्मिक र जीवनदर्शनसँग सम्बन्धित कार्यक्रम एकिकृत र संघनरुपमा संचालन गर्न सकियो भने आत्महत्या गर्ने अवस्थामा पुगेकाहरुलाई निरुत्साहित गर्न र नियन्त्रण गर्न सकिन्छ । अब चुप लागेर बस्ने बेला छैन, सरकार बेलैमा संवेदनशील हुनसक्यो भने समस्या धेरैहदसम नियन्त्रण हुनसक्छ । आत्महत्या एउटा व्यक्तिको जीवनमात्र होइन, उसको परिवार, समाज र देशकै समस्या हो ।

# अलोकप्रिय नेता, आकर्षण क्षणिक र सस्तो प्रचारको

*खासगरी नयाँ पुस्तामा राजनीतिप्रति देखिएको विचलन, अविश्वास र अनास्थाले भोलि मुलुकलाई कतातिर लैजाँदैछ भन्ने विषय महत्वपूर्ण बनेको छ । वर्षौ दुःखकष्ट सहेर राजनीति गरेका दल र तिनका नेताहरु बिस्तारै अलोकप्रिय बन्ने र क्षणिक सस्तो प्रचारसहित नयाँ बहाव ल्याउन सकेका दलहरुप्रति आकर्षण बढ्ने गरेको जुन अवस्था छ, त्यसले मुलुकलाई कता पुऱ्याउँछ भन्ने प्रश्न उब्जिएको छ ।*



**– जगत नेपाल**

नेपालका राजनीतिक दलहरुले अधिकारका लागि पटकपटक क्रान्ति गर्न र त्यसलाई सफल बनाउन सके । तर राजनीतिक परिवर्तन बमोजिम राज्य सत्ता सञ्चालन गर्नु र क्रान्तिको प्रतिफल आम जनतासम्म पुऱ्याउन उनीहरुका लागि सधैँ चुनौतीको विषय बनिरह्यो । विसं २००७ ले एक सय चारवर्षे राणाशासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गऱ्यो । तत्कालीन परिस्थिति, जनतामा शिक्षा र चेतनाको अभाव तथा सत्ता र शक्ति हत्याउने राजाको चरम महत्वाकाङ्क्षाका कारण १० वर्ष नपुग्दै २०१७ सालमा क्रान्तिका उपलब्धिमाथि कुठाराघात भयो । राजनीतिक दलहरुमाथि प्रतिबन्ध लाग्यो, जनताका प्रजातान्त्रिक अधिकार हरण गरिए, प्रेसमाथि कडा 'सेन्सरशिप' सुरु भयो ।

२०४६ सालको जनआन्दोलनले तीन दशक लामो पञ्चायती व्यवस्था अन्त्य गरी मुलुकमा प्रजातन्त्र पुनःस्थापना गऱ्यो । यो अवधिमा तीनवटा आमनिर्वाचन भए । दलहरुबीचको अस्वस्थ्य प्रतिस्पर्धा, असंसदीय क्रियाकलाप, सत्ताको हानाथाप, कुशासन, राजनीतिक नेतृत्वको इमान्दारिता र नैतिकतामा आएको ह्रासले जनतालाई निराश बनायो । त्यही अवसरको उपयोग गर्दै नेकपा माओवादीले सशस्त्र विद्रोह सुरु गऱ्यो । यस क्रममा माओवादी र राज्य दुवै पक्षको चेपुवामा परेर १७ हजार निर्दोष नागरिकले अनाहकमा ज्यान गुमाउन बाध्य भए ।

संसदवादी दलप्रति जनता निराश भएको र माओवादी विद्रोह उत्कर्षमा रहेको मौका छोपेर राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा कार्यकारी अधिकार आफ्नो हातमा लिएर निरङ्कुश शासन प्रारम्भ गरे । प्रजातान्त्रिक अधिकारको उपभोग गरिरहेका जनता निरङ्कुशता स्वीकार्न किमार्थ तयार थिएनन । दलहरुले जनतासामु आफ्ना विगतप्रति माफी माग्दै प्रजातन्त्रका लागि अन्तिमपटक जनआन्दोलन गर्ने घोषणा गरे ।

जनआन्दोलनका कमान्डर गिरिजाप्रसाद कोइरालाले भन्नुभएको थियो, "प्रजातन्त्रका लागि यो नै अन्तिम लडाइँ हुनेछ । त्यसपछिका दिनमा कुनै नागरिकले अधिकारका लागि भनेर आन्दोलन गर्नुपर्ने छैन । एकपटक प्रजातन्त्र स्थापना भएपछि राजनीतिक दलहरुको आन्दोलन विकास र समृद्धिका लागि हुनेछ । जनताले दलहरुलाई साथ दिए । २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनले प्रतिनिधिसभा पुनर्स्थापना गरी जनताका अधिकार फिर्ता गर्न राजालाई बाध्य बनायो ।

पुनर्स्थापित संसद्बाट राजाका अधिकार कटौती गर्दै मुलुकले संविधानसभाको निर्वाचनको यात्रा तय गऱ्यो । नेपाली इतिहासमा पहिलो पटक निर्वाचित संविधानसभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य गरी मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो । राजा ज्ञानेन्द्रको हठका कारण मुलुक गणतन्त्रमा गयो । संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ मा मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहित राजतन्त्र अन्त्यको घोषणा गर्दै बिना रक्तपात दुई सय ३८ वर्ष लामो शाहवंशीय राजतन्त्रलाई बिदा गरिदियो । अबको बाटो विसं २०६३ अघि प्रजातन्त्र, मानवअधिकार र राजनीतिक स्थिरता मुलुकका प्रमुख मुद्दा थिए । यो अवधिमा २००४, २००७, २०१५, २०१९, २०४७ र २०६३ सालमा गरी छवटा संविधान लागू भए । यीमध्ये पहिलो राणा प्रधानमन्त्रीले दिएका थिए भने बाँकी पाँचवटा संविधान राजाबाट जारी भएका थिए ।

२००७ को राजा/प्रजाको संयुक्त प्रजातान्त्रिक आन्दोलनपछि अहिलेसम्म जारी भएका संविधान अनुसार राजनीतिक नेतृत्व चल्न सकेनन । बरु त्यसपछिका हरेक दशक कसरी हातमा सत्ताको बागडोर लिने र शासन गर्ने भन्नेमै बिते । संविधानसभामार्फत आफ्नो संविधान आफैँ बनाउने जनताको चाहना २०७२ मा पूरा भएपछि मुलुकमा २०७४ र २०७९ साल गरी दुईवटा संसदीय निर्वाचन भइसकेको छ । अब अधिकारका लागि लडाइँ गर्ने युगको अन्त्य भइसकेको छ । संविधानले जनताका प्रजातान्त्रिक अधिकार सुनिश्चित गरिसकेको छ । आवश्यक परेका बेला जनप्रतिनिधिले संविधान संशोधन गर्नसक्ने प्रावधान संविधानमा छ । संविधानले जनतालाई सार्वभौम माने चाहना छ । चुनौती प्रजातन्त्रका लागि क्रान्ति गर्न, जनतालाई सडकमा उतार्न र विरोधीको कटु आलोचना गर्न नेपालका राजनीतिक दल र नेतृत्व सफल साबित

> “ जनप्रतिनिधिहरुको सर्वोच्च संस्था संसद् प्रभावकारी बन्ननसक्नु, राजनीतिक दलहरुबीचको भागबन्डाका आधारमा न्यायाधीशहरुको नियुक्ति गरी न्यायालयलाई कमजोर बनाइनुले न्याय क्षेत्र कमजोर बन्न पुगेको छ । संवैधानिक निकायहरुको नियुक्तिमा दलीय हस्तक्षेपले लोकतान्त्रिक अङ्गहरु कमजोर भएका छन । नयाँ र समृद्ध नेपालको सपना बाँडिएकामा विकास, सुशासन र भ्रष्टाचार नियन्त्रणमा सरकार असफल साबित देखिएको छ । शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायातजस्ता जनताका आधारभूत आवश्यकतासमेत पूरा नहुँदा जनतामा नैराश्यता आउनु स्वाभाविक नै हो । अनि राष्ट्रको चौथो अङ्ग पत्रकारिताको विश्वसनीयता र भूमिकामाथि प्रश्न उठ्न थालेको छ ।

पनि त्यसको प्रयोग राजनीतिक दलका नेताहरुले गरिरहेका छन । त्यो निर्णय प्रक्रियामा सही अर्थमा जनभावनाको प्रतिनिधित्व हुन सकेको छैन । क्रान्तिको युग अन्त्य भएसँगै राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, सुशासन, विकास र समृद्धिका पक्षमा राजनीतिक नेतृत्वबाट इमान्दार प्रयास होस भन्ने नै आम भए पनि प्रजातान्त्रिक आचरण र व्यवहारको पालनामा पूर्णतः असफल देखिएका छन् । जनप्रतिनिधिहरुको सर्वोच्च संस्था संसद् प्रभावकारी बन्ननसक्नु, राजनीतिक दलहरुबीचको भागबन्डाका आधारमा न्यायाधीशहरुको नियुक्ति गरी न्यायालयलाई कमजोर बनाइनुले न्याय क्षेत्र कमजोर बन्न पुगेको छ । संवैधानिक निकायहरुको नियुक्तिमा दलीय हस्तक्षेपले लोकतान्त्रिक अङ्गहरु कमजोर भएका छन । नयाँ र समृद्ध नेपालको सपना बाँडिएकामा विकास, सुशासन र भ्रष्टाचार नियन्त्रणमा सरकार असफल साबित देखिएको छ । शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायातजस्ता जनताका आधारभूत आवश्यकतासमेत पूरा नहुँदा जनतामा नैराश्यता आउनु स्वाभाविक नै हो । अनि राष्ट्रको चौथो अङ्ग पत्रकारिताको विश्वसनीयता र भूमिकामाथि प्रश्न उठ्न थालेको छ । यी इत्यादि कारणले प्रजातान्त्रिक शासन व्यवस्थाप्रति जनतामा जुन भरोसा र विश्वास थियो, त्यसमा निराशा पैदा हुनु भनेको पक्कै पनि राम्रो सङ्केत होइन । आगामी बाटो नेता त्यो हो जसले कार्यकर्ताका गलत कदम औँल्याएर उसलाई सही बाटोमा हिँडाउन सक्छ । नेता त्यो होइन, जो कार्यकर्ताका गलत काम औँल्याएर उसलाई दण्डित गरी आफू पानी माथिको ओभानो देखाउन चाहन्छ ।

२००७ सालयता दल र नेताहरुले आफ्नो राजनीतिको आधार विरोधलाई बनाउँदै आएका छन । जनताको चेतना स्तर, विश्वव्यापी सम्पर्क, सूचना प्रविधिमा आएको क्रान्ति आदि कारण अब आश्वासन र विरोधकै भर रोटी सेक्ने प्रयास दल र नेतृत्वले गर्नु उनीहरुकै लागि दुर्भाग्यपूर्ण हुने निश्चित छ । नयाँ पुस्ता पहिला काम अनि मात्र विश्वासको तहमा पुग्दैछ । दल र नेतृत्वका लागि आश्वासन र प्रचार क्षणिक अस्त्र भए पनि जनताको मन जित्न पहिला काम अनि सिद्धान्त बमोजिमको आचरण र व्यवहार प्रदर्शन गर्नुबाहेक अर्को विकल्प छैन । खासगरी नयाँ पुस्तामा राजनीतिप्रति देखिएको विचलन, अविश्वास र अनास्थाले भोलि मुलुकलाई कतातिर लैजाँदैछ भन्ने विषय महत्वपूर्ण बनेको छ । वर्षौ दुःखकष्ट सहेर राजनीति गरेका दल र तिनका नेताहरु बिस्तारै अलोकप्रिय बन्ने र क्षणिक सस्तो प्रचारसहित नयाँ बहाव ल्याउन सकेका दलहरुप्रति आकर्षण बढ्ने गरेको जुन अवस्था छ, त्यसले मुलुकलाई कता पुऱ्याउँछ भन्ने प्रश्न उब्जिएको छ । (लेखक प्राध्यापन र पत्रकारिता क्षेत्रमा क्रियाशील छन्, रासस)

# एक सातामा दुईवटा ठूला साइवर आक्रमण, सरकार किन उदासिन ?

नेपाल सम्भावित साइवर आक्रमणको जोखिममा छ भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाइसकेको र कमजोर सूचना प्रविधि पूर्वाधार, दक्ष जनशक्तिको अभाव, सूरक्षित साइवर अभ्यासको कमिको अवस्थामा उक्त जोखिमहरू झनै गम्भिर रहको अवस्थामा हामीले साइवर सूरक्षालाई राष्ट्रिय सुरक्षाकै एक महत्वपूर्ण पक्षका रुपमा लिई सीघ्रताका साथ अत्यावश्यक कदमहरू चाल्न आवश्यक छ।



**– सन्तोष सिग्देल**

माघ पहिलो साता र दोश्रो साता नेपालमा साइवर सुरक्षासम्बन्धित दुई घटना भए। पहिलो घटनामा नेपाल प्रहरीको आन्तरिक सञ्चार प्रणाली ह्याक भएर संगठनभित्रको आन्तरिक सञ्चारसम्बन्धी ठूलो परिमाणको डेटा डार्क वेबमा उपलब्ध रहेको समाचार बाहिरियो। ह्याक भएका सामग्री रहेका वेबसाइटहरू नेपालबाट खुल्न नसकिने बनाए पनि ति सामग्रीअझै पनि इन्टरनेटमा उपलब्ध नै छन्।

दोस्रो घटनामा डट जीओभी डट एनपी डोमेनमा रहेका नेपालको सरकारी निकायका वेबसाइटहरूमा डिस्ट्रिब्युटेड डिनायल अफ सर्भिस (डिडक्स) आक्रमण भई नेपाल सरकारका सम्पूर्ण वेबसाइट करिब पाँच घण्टा अवरुद्ध भए। करिब १५०० जति सरकारी वेबबाइटहरू बन्द भएको यो घटना सार्वजनिक विदाका दिन भएकाले अन्य क्षेत्रमा त्यति प्रभाव नपरे पनि अन्तर्राष्ट्रिय विमानस्थल, अध्यागमन कार्यालयमा सरकारी वेबसाइटहरू नचल्दा देशबाट बाहिरिने तथा देश भित्रिने सेवाग्राहीहरूले ठूलो समस्या भोग्नुपरेको थियो।

नेपालमा सरकारी वेबसाइटहरूविरुद्धको आक्रमणका यि घटना नयाँ भने होइनन्। विगतमा पनि यस किसिमका घटनाहरू भएका भए पनि त्यसको प्रभाव र जोखिम कम थियो। तर पछिल्लो चरणमा सरकारी सेवाहरूमा इन्टरनेटमा आधारित प्रणालीहरूको प्रयोग बढ्दै गैरहेको, सार्वजनिक सेवा प्रवाहका क्रममा वैयक्तिक तथा सार्वजनिक तथ्यांकहरू इन्टरनेटमा आधारित प्रणालीहरूमा संकलन, प्रशोधन, व्यवस्थापन गरिने क्रम बढेको, कतिपय सेवा प्रवाह प्रणाली नै पूर्ण रूपमा इन्टरनेट प्रणालीमा आधारित रहेको अवस्थामा यस प्रकारका आक्रमणले सूचना प्रणालीमै क्षति पुर्याउने, वैयक्तिक तथा सार्वजनिक तथ्यांकहरूको क्षति तथा दुरुपयोग र त्यसबाट सम्भावित आर्थिक, सामाजिक, राजनीतिक क्षतिको जोखिममा समेत व्यापक वृद्धि भएको छ।

साइबर आक्रमणमा यि घटनाहरूको विश्लेषण गर्दा देखिएको सबैभन्दा जोखिमपूर्ण पक्ष भने घटनामा संलग्न निकाय र यसका पदाधिकारीहरूको उदासिनता र घटनाको सामान्यिकरण हो। राष्ट्रिय सूरक्षा नीति २०७३ ले 'देशका संवेदनशील निकायमा हुनसक्ने साइवर हमलालाई चुनौती र खतरा' का रुपमा पहिचान गरेपनि, सबै सरकारी साइटहरूमा योजनाबद्ध रुपमा आक्रमण गरी पाँच घण्टासम्म ठप्प बनाउँदा पनि जिम्मेवार निकायले पछिल्लो घटनालाई 'सर्भर डाउन'का रुपमा मात्र चित्रण गर्न खोजेको पाइयो । प्रायजसो मुलधारे मिडियाले समेत यसलाई सामान्य सर्भर डाउन नै भनी समाचार बनाएको पाइयो। यसरी यस्ता गम्भिर घटनाहरूलाई पनि सामान्यिकरण गर्ने प्रवृत्तिले साइबर सूरक्षा अझै पनि हाम्रो प्राथमिकता बन्न नसकेको स्पष्ट छ।

यी घटनाहरूलाई हामीले नीतिगत तहबाट पनि हेर्न जरुरी छ। हाल प्रचलनमा रहेको साइबर कानून भनिने लगभग १५ बर्ष पुरानो विद्युतिय कारोबार ऐनमा समयसापेक्ष संशोधन तथा परिमार्जन हुन सकेको छैन। उक्त ऐनमा यसबिचमा भएको एक मात्र संशोधन अनलाईन लैंगिक हिंसासँग



सम्बन्धित विषयमा थियो। गएको संसदमा प्रस्तुत गरिएको सूचना प्रविधिसम्बन्धी विधेयक विवादास्पद प्रावधानहरूका कारण अगाडि बढ्न सकेन भने दुरसञ्चार प्राधिकरणले तयार गरेको साइवर अपराधसम्बन्धी कानूनको मस्यौदा पनि सार्वजनिक बहसका लागि बाहिर ल्याइएको छैन। दुई वर्ष अगाडि मस्यौदाका रुपमा सरकारले अगाडि बढाएको साइबर सुरक्षासम्बन्धी राष्ट्रिय नीति पनि हाल सरकारको प्राथमिकतामा रहेको देखिँदैन। हालसम्म पनि नेपालले सूचना प्रविधि सम्बन्धी कुनचाहिँ स्रोत र साधनहरू अत्यन्त महत्वपूर्ण पूर्वाधार (क्रिटिकल इन्फ्रास्ट्रक्चर) हुन् भनी परिभाषित सम्म गरेको छैन।

साइवर सूरक्षा सुनिश्चित गर्नका लागि गरिनुपर्ने आधारभुत कार्यहरू पनि सरकार र सरकारी निकायको प्राथमिकतामा पर्न नसक्नु अर्को दुःखद स्थिति हो। उच्चपदस्थ कर्मचारीहरूबाट समेत सरकारी र औपचारिक काम कारवाहीका लागि व्यवसायिक कम्पनीले निशुल्क रुपमा उपलब्ध गराएका जिमेल, याहु जस्ता इमेल सेवाको प्रयोग, सरकारी निकायमा कम्प्रमाइज, क्रयाक गरिएका वा पाइरेटेड अपरेटिङ्ग सिस्टम वा सफ्टवेयरहरूको प्रयोग, नियमित सुरक्षा परिक्षण (सेक्युरिटी अडिट) को अभाव, फायरवाल वा एन्टिवाइरस सफ्टवेयरहरू नियमीत रुपमा अपडेट वा अपग्रेड नगरिनु आदि पनि साइबर सुरक्षाको जोखिमका कारण हुन्। नेपाल

# अन्तराष्ट्रिय मेला हास्यास्पद व्यवसायीहरुको टिप्पणी

मधेशदृष्टि
जनकपुरधाम, ३ फागुन । जनकपुरधामका व्यापारीहरूलाई अहिले बैंकको ब्याज र कोठाभाडा तिर्न पनि धौ धो परिरहेको अवस्थामा अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना गर्नु आफैंमा हास्यास्पद रहेको टिप्पणी हुन थालेको छ।

व्यापारीहरूको छाता संगठनको रुपमा रहेको जनकपुरधाम उद्योग वाणिज्य संघले व्यवसायीको समस्या समाधान गर्न पहल गर्नुपर्नेमा फागुन ५ गतेदेखि अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना गर्न लागेको हो। जनकपुरधाम उद्योग वाणिज्य संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष जितेन्द्र प्रसाद साहले जनकपुरधाममा आयोजना हुन लागेको यस अन्तर्राष्ट्रिय व्यापार मेलाको कुनै तुक नरहेको टिप्पयी गरेका छन्।

उनले अहिलेको वर्तमान अवस्थामा स्थानीय उत्पादन र यहाँका उद्योग तथा व्यापार व्यवसायलाई प्रवर्द्धन गर्नुपर्नेमा जनकपुरधाम उद्योग वाणिज्य संघ आर्थिक चलखेलको माध्यम बनाएर व्यापार मेला आयोजना गर्न लागेको आरोप लगाए। उनले यस मेलाले अन्तर्राष्ट्रिय बजारलाई मात्र फाईदा पुग्ने दाबी गरे।

उनले भने, 'जनकपुरधाम उद्योग वाणिज्य संघको सदस्य रहेका करिब ५ हजार २ सय व्यापारीक प्रतिष्ठानहरू मध्ये अधिकांशको त्राहिमाम अवस्था छ। बैंकको ब्याज एक अंकबाट दोहोरो अंकमा पुगिसकेको छ। व्यापार व्यवसाय चौपट अवस्थामा छ। तर, मेलाको नाममा यहाँ भ्रम फैलाउने काम मात्रै गरिँदै छ।'

उनले प्रश्न गर्दै भने, 'मेलामा कहाँको सामानहरू रहन्छ ? यहाँको पैसा कहाँ जान्छ ? के मेलामा स्थानीय उत्पादनलाई प्राथमिकतामा राखिएको छ ? यहाँका स्थानीय व्यापारीहरूलाई विशेष ग्राहयता दिइएको छ ? केही छैन।' साहले यस मेलाबाट स्थानीय व्यापारीलाई कुनै लाभ नपुग्ने दाबीसमेत गरे। उनले यो मेला भ्रम मात्रै रहेको बताए।

'त्यहाँ गएर नाचगाना हेरेर मात्रै आउने हो। जनकपुरधामको व्यापारीको हकमा मेलाको कुनै औचित्य छैन। यहाँका व्यापारी आर्थिक मार खेपिरहेका छन्,' उनले भने,' तर, व्यापार मेलाको नाममा तामझाम र तडकभडक गर्दै उद्योग वाणिज्य संघको आगामी निर्वाचनको तयारी मात्रै गरिँदैछ। थप अरु केही होइन।' जनकपुरधामको रामचोकमा ग्यास व्यवसाय सञ्चालन गर्दै आएका जिपी मण्डल भन्छन्, ' जनकपुरधाममा व्यपारीहरूको अवस्था नाजुक छ। घर भाडा र कर्मचारी खर्च तिर्न सक्ने अवस्था छैन। तर, खुसियालीमा यहाँ अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना भइरहेको छ। यो हास्यास्पद नै हो।'

उनले सोचेजस्तो व्यापार नहुँदा व्यवसायीहरू चिन्तित भएको बताए। बजारमा चहल-पहल नहुँदा र सोचेजस्तो व्यापार नहुँदा यहाँका व्यवसायीहरू चिन्तित देखिएको उनको भनाइ छ। ' चाडपर्वको लागि किनमेल गर्न सीमावर्ती भारतीय बजारमा जाने नेपालीहरू बढेसँगै जनकपुरधाम बजारमा व्यापार घट्न थालेको छ।भारतीय बजारमा भने नेपाली ग्राहकको भीडभाड बढेको छ, 'उनले भने, 'तर, खुसियालीमा यहाँ जनकपुरधाम उद्योग वाणिज्य संघले व्यापार मेलाको आयोजना गर्न लागेको छ। त्यस मेलाले यहाँको व्यापार व्यवसायमा कुनै प्रगति हुँदैन।' मण्डलका अनुसार विगतमा यहाँको बजारमा निकै चहल-पहल हुने गरेपनि अहिले भने व्यावसाय फस्टाउन सकेको छैन। उनले खुला सीमानाकाका कारण व्यवसाय नै चौपट भएको गुनासो पनि गरे।

'बैंकहरूले व्यापारीलाई बर्बाद बनाइसकेको छ,' मण्डल भन्छन्, 'बैंकलाई ब्याज तिर्नै पर्छ। घरधनीले कोठाभाडा मागेकै छन्। व्यापार व्यवसाय केही छैन्। कहाँबाट तिर्ने ? समस्या छ।' हामीले व्यवसायीहरूको कोठाभाडा मिनहाका साथै बैंकको ब्याजमा सहुलियतको लागि पहल गरिदिन प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकालाई ध्यानाकर्षण गराएपनि व्यवसायीहरूको सवालमा कुनैपनि निकायले अहिलेसम्म केही नबोलको उनको गुनासो छ।

व्यवसायीहरू अहिले बैंकको ब्याज तिर्नसक्ने अवस्था नरहेको बताउँदै उनले भने, 'व्यवसायीहरू ठूलो मार्कामा परेका छन्। बैंकले ब्याजको लागि ताकेदा गरिरहेको छ। राजश्व कार्यालयले कर बुझाउन भनेको छ। तर, व्यवसाय नै नभएपछि कसरी ब्याज तिर्ने र कहाँबाट कर बुझाउने ?' त्यस्तै, व्यापार व्यवसाय सञ्चालन गरेपनि सोचे जस्तो व्यापार हुन नसकेको जनकपुरधामको मुख्यबजार शिवचोकमा फैन्सी जुत्ता पसल सञ्चालन गर्दै आएका जानी खानले बताए। बजारमा ग्राहकहरूको उपस्थिती न्यून रहेको उनी बताउँछन्। उनले कोरोनाकाल पछि यहाँको व्यापार धारासायी भइरहेको अवस्थामा यहाँको व्यापार व्यवसायलाई उकास्न नेतृत्ववर्गले ध्यान दिनुपर्नेमा उल्टै व्यापारीलाई नै बायकट गरेर अगाडि बढनु दुःखद रहेको बताए।

खानले भने, 'हामी मुख्यबजारमा वर्षौंदेखि व्यवसाय गरिरहेका छौं। अहिलेसम्म व्यापार संघबाट कसैले मेलामा तपाईं पनि आफ्नो स्टल लगाउनु हुन्छ कि भनेर सोध्नसमेत आएका छैनन्। मेलाको बारेमा हामीलाई कुनै जानकारी छैन।' जानीले यो मेला कुनै सिमित वर्गमै सिमित रहेको र यहाँका पूराना व्यापारीक प्रतिष्ठानहरूलाई बायकट गरेर कुनै सोधखोज नै नगरिएकोप्रति आपत्ति समेत जनाएको छ।

आयोजक भन्छन् : अनुभव आदान प्रदानका लागि हो यसैबीच आयोजक जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारी तथा प्रतिष्ठानहरूलाई एउटै छानामुनि सहभागी गराई अनुभव आदान प्रदान तथा व्यापारको नयाँ आयाम एवं सम्भाव्यता सिर्जना हुने आशाका साथ व्यापारिक मेलाको आयोजना गर्न लागिएको बताए।

मेलामा स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यलगायत सार्क राष्ट्रहरू भारत, पाकिस्तान र बंगलादेशका विभिन्न क्षेत्रका व्यापारीको पनि सहभागिता रहने अध्यक्ष महासेठको दाबी छ। मेलामा औद्योगिक अवसर हरूको सम्भावित अध्ययन तथा क्षेत्रीय स्तरमा लगानी गरी विदेशबाट आउने व्यापारी तथा उद्योगीहरूलाई प्रोत्साहित गरी स्थानीय तथा अन्तर्राष्ट्रिय व्यापारिक सम्बन्धमा विस्तारका लागि सहकार्य गरिने उनको दाबी छ।

# साना उद्योगमा समस्या थपिँदै




मध्यविन्दु, ३ फागुन
नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैँडाकोट नगरपालिका-४ का दीपकप्रसाद सापकोटाले रु तीन करोडको लगानीमा सुरु गर्नुभएको टेक्सटायल उद्योग रु १२ करोड नोक्सानी व्यहोरेर बन्द गर्नु पऱ्यो। व्यवसायलाई पुनः निरन्तरता दिँदै उहाँले हाल सूर्यमुखी तेल, एसिड लगायतका सामान उत्पादन गरिरहेका छन। उद्योगका लागि कच्चापदार्थको अभाव देखिन थालेपछि यो उद्योग पनि बन्द हुने अवस्था रहेको सापकोटाले बताए।अहिले देशको आर्थिक अवस्था यस्तै हो कि उद्योगमैत्री वातावरण नभएर हो, उद्योग सञ्चालन खर्च पूरा गर्न पनि गाह्रो छ, यो पनि कहिलेसम्म सञ्चालन गर्न सकिने हो चिन्ताको विषय बनेको छ, उनले भने।

अर्का व्यवसायी सुकबहादुर दराईले गैँडाकोट-७ मा सञ्चालन गर्नुभएको दालमोठ उद्योगमा रु एक करोडभन्दा बढी घाटा भएपछि उद्योग बन्द गरे। उद्योग बन्द गरे पनि ऋण तिर्न बाँकी नै भएपछि उहाँले तीन बिघाहा जमिन पनि बेचे। उद्योग पूरै घाटामा गयो, दराईले भने , उद्योगको ऋण तिर्न नै जमिन बेच्नु पऱ्यो, तर राज्यले हाम्रो समस्या बुझेन। नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा अहिले छ हजारभन्दा बढी उद्योग सञ्चालनमा छन्।

जिल्ला उद्योग सङ्घ नवलपुरका अनुसार कोरोना महामारीपछि जिल्लाका २० प्रतिशत उद्योग बन्द भएका छन्। सरकारले लगानीमैत्री वातावरण नबनाउँदा उद्योगी, व्यवसायी उद्योग, व्यवसाय बन्द गर्ने मनसायमा पुगेका छन् भने आर्थिक सङ्कटका कारण मानसिक तनाव पनि बढ्दै गएको उद्योग वाणिज्य सङ्घका महासचिव छविलाल कँडेलले बताए। सरकारले विभिन्न अव्यावहारिक सर्त अगाडि सा-यो, कँडेलले भने उद्योगमैत्री वातावरण अझै बनेको छैन, निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नु आवश्यक देखिन्छ। एकातिर उद्योग व्यवसाय बन्द हुँदैछ भने अर्कातिर नयाँ उद्योग दर्ता हुने क्रम पनि जारी छ। पर्यटन तथा उद्योग कार्यालय नवलपुरको तथ्याङ्कअनुसार चालू आर्थिक वर्षको छ महिनामा मात्रै दुई सय ५७ नयाँ उद्योग दर्ता हुँदा रु ४० लाख छ हजार राजस्व सङ्कलन भएको छ। व्यवसायी भने उद्योग व्यवसाय उकास्ने गरी सरकारले कुनै काम नगरेको बताउँछन्।

धराशयी बन्दै गएको उद्योग व्यवसायका लागि पर्यटन तथा उद्योग कार्यालयले प्रदेशस्तरीय योजना बनाएर कार्यान्वयन गरेको पर्यटन तथा उद्योग कार्यालयका प्रमुख सागर खनालले बताए। कोभिडबाट प्रभावित उद्योगको सयोगका लागि सहुलियत ऋण कार्यक्रम गण्डकी प्रदेश सकारले सञ्चालन गरेको थियो, उनले भने पर्यटन तथा सानो उद्योग प्रवर्द्धनका लागि चालू आर्थिक वर्षमा पनि विशेष कार्यक्रम सञ्चालन गरिएका छन्।

आर्थिक सङ्कटको सामना गरिरहेका व्यवसायी भने बन्द भएका व्यवसाय पुनः सञ्चालन गर्न राज्यको सहयोग पर्खिरहेका छन्।

राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ अनुसार नेपालमा लगभग ६० हजार उद्योग छन्। तीमध्ये खानी तथा उत्खनन क्षेत्रमा तीन सय ५६, उत्पादन क्षेत्रमा ५६, विद्युत् तथा ग्यास सेवा क्षेत्रमा झन्डै एक हजार उद्योग छन्। देशभर साना तथा घरेलु उद्योग पनि उत्तिकै स‍ट्यामा छन्। स्थानीयस्तरमा दर्ता भएर उत्पादनमुखी काम गर्ने र स्वरोजगार बन्ने गरी उद्योग दर्ता गर्ने क्रम पनि उत्तिकै छ।रासस

# हराउन थाले रैथाने माछाका प्रजाती



कञ्चनपुर, ३ फागुन
लालझाडी गाउँपालिका-४ का ६५ वर्षीय रामबहादुर चौधरीले गाउँ नजिकैको दोदा नदीमा माछा मार्ने कार्य धेरै वर्षदेखि गर्दै आएका छन।

नदीमा पहिलेको जस्तो माछा जालमा पर्ने गरेका छैनन्। दिनभरी नदीमा जाल खेलाउँदा थोरै मात्रै माछा जालमा पर्ने गरेका छन्। नदीमा थोरै प्रजातीका माछा मात्रै रहेको उनले बताए। विगतमा नदीमा जाल खेलाउँदा एक घण्टाभित्रै पाँच छ किलो माछा मार्न सकिन्थ्यो, उनले भने , हाल नदीमा माछा पाउनै छाड्यो, जालमा पहिला एउटै माछा दुई किलोदेखि पाँच किलोसम्मका हुन्थे, हाल दिनभरी जाल खेलाए चार पाँच वटा स-साना माछा मात्रै जालमा पर्ने गरेका छन्। शुक्लाफाँटा नगरपालिका-७ का ८० वर्षीय आशाराम चौधरीले पहिलेको जस्तो अहिले माछा नदी तलाउमा नपाइने गरेको बताए। पहिलेको जस्तो वर्षा हुनै छाड्यो, त्यसै कारणले नदीमा पानीको बहाव पहिलेको जस्तो छैन, नदीमा पानी कम भएपछि माछा हुने कुरै भएन, उनले भने , गर्मीका बेला त नदी तलाउ सुक्नसमेत थालेका छन्, यसैकारणले पनि नदी तलाउमा पहिला जस्तो माछा पाइँदैन। वर्षातमा धानका खेतमै थुप्रै माछा पाइने गरेका थिए। खेतकै आलीमा परम्परागत रुपमा बनाइएका पाहाउ, वरेरुवा, खोड्म्या लगातका माछा पक्रने गरिन्थ्यो। हाल खेतबारीमा रासायनिक मलसँगै विषादीको प्रयोग हुन थालेपछि माछाका प्रजाती हराउँदै गएका छन्। खेतमा बालीलाई रोगकीराको प्रकोपबाट जोगाउन छर्किने विषादी खेत हुँदै नदी, तलाउमा पुग्ने गरेको छ, लालझाडीका वासुदेव रानाले भने ,नदी तलाउमा माछा मार्नका लागि विषादीको प्रयोग हुन थालेपछि माछाका प्रजाती लोप हुन थालेका छन्, केही लोप भइसकेका छन्।

वर्षातको समय सकिएपछि दोदा नदीमा कात्तिकदेखि जेठसम्म घिमरी राखेर माछा मारेको उनले अहिले पनि सम्झिन्छन। गाउँका मन मिल्ने साथीहरुले सामूहिक रुपमा नदीमा बाँध बनाइ धिमरी राख्थ्यौं, उनले भने धिमरीमा फसेका माछा बिहानी पख भाग लगाउथ्यौं, एउटैको भागमा पाँच किलोदेखि सात किलोसम्म माछा पर्दथ्यो, खान सकेको माछा खान्थ्यौं, खान नसकिएको माछाको सुकुटी बनाएर वर्षात्का बेला तरकारीका रुपमा खान्थ्यौं। उनका अनुसार नदीमा धिमरी लगाउँदा माछा चोरी हुनबाट जोगाउन रातिका बेला पहरा दिइने गरिन्थ्यो। पहिला जस्तै केहीले अहिले पनि नदीमा धिमरी लगाउने गरे पनि माछा पहिला जस्तो पर्दैन। दुई/तीन दिनमा धिमरी खोल्दा मुस्किलले एकदेखि दुई किलोसम्म माछा मात्रै पर्ने गरेको छ। जलवायु परिवर्तन र विषादीको जथाभावी प्रयोगले रैथाने माछाका प्रजाती लोप हुँदै गएको उनको बुझाइ छ।

चुरे क्षेत्रको जथाभावी रुपमा नदीजन्य पदार्थको दोहन हुँदा नदीको गहिराइमा केही वर्षदेखि कमी हुँदा माछाका प्रजाती घटदै गएको शुक्लाफाँटा-१२ का वडाध्यक्ष नवलसिंह रानाको भनाइ छ। बालुवाले नदीको गहिराइ दुई फिटभन्दा कम भएको छ, उनले भने , नदीको सतह पुरिँदै गएपछि माछाको बासस्थान मासिँदै गयो, माछा लोप हुन थालेका छन्।

उनका अनुसार पहिला नदी तलाउमा रैथाने जातका लछिया, वैखा, रहु, नैन, चन्दविजला, टेङगर, कटा, गोछो, गुनगुना, नङ्गवा, रबा, भगना, डेडवा, चुहिला, कुर्सा, सिंगी, भुरिया, महासेरा, कटुवा, मुग्रो, मलाइच, बजेट्टा, खजुरा, गेट, चरैया, भकुरा, ढोर्रे, सुमरा, खर्सा, झिँगा, बगस, गइट्टा, गैँडो, मलगी, पत्थरचट्टी, भेदल, गोंजा, फिलोसिंया, पड्नीलगायत जातका माछा पाइने गरेका थिए।

रैथाने प्रजातीका आधा प्रजाती पनि नदी तलाउमा हाल नपाइने गरेको उनले बताए। नदी पुरिएर पानीको बहाव घट्यो, नदीमा पानी जम्मा हुने कुण्ड, तलाउ नासिए, प्राकृतिक तालमा मानव अतिक्रमणले नासिँदै गए, नदी तलाउमा विषादीको प्रयोग बढन थालेपछि माछाका प्रजाती हराउँदै गए, उनी भन्छन। रैथाने माछाका प्रजाती जोगाउनका लागि विगतदेखिनै प्रयास भएको स्थानीय कालुराम चौधरीले बताए। उनले भने , केही वर्ष नदी तलाउ लगायतमा विषादी हाल्न निषेध गरिएपछि माछा संरक्षणमा टेवा पुगेको थियो, अटेरी व्यक्तिले लुकिछिपी नदी तलाउमा विषादी हाल्न थालेपछि रैथाने जातका माछा दुर्लभ हुन थालेको छ।

पहिला जस्तै जाल हान्ने, घिमरी राख्ने, टापी, हेल्का नदी तलाउमा थापेर माछा मार्ने गरिन्थ्यो। हाल पनि माछा मार्न त्यसकै प्रयोगलाई बढावा दिनुपर्ने उनी बताउछन। रैथाने जातका माछका प्रजाती जोगाउन स्थानीय तहले संरक्षणसम्बन्धी कार्यक्रम ल्याउनुपर्ने हुन्छ, उनले भने , यसबारे युवा पिँढीलाई सचेत गर्न जरुरी छ।रासस

# थप पाँच प्रजातिका चरा फेला

रेसुङ्गा, ३ फागुन
गुल्मीको रेसुङ्गा वन क्षेत्रमा थप पाँच प्रजातिका चरा फेला परेका छन्।

पक्षी संरक्षण सङ्घ गुल्मीले रेसुङ्गामा चरासम्बन्धी अध्ययन गर्दा टुइँसी सुँगा, कोटेरो मुनियाँ, चञ्चले सुड्सुडिया, चखेवाचखेवी र तिलहरी प्रजातीका चरा फेला परेका हुन्। नेपालमा पाइने आठ सय ९२ प्रजातिका चरामध्ये हाल २९ प्रतिशत यहाँ पाइने गरेका सङ्घका परियोजना अधिकृत भरत पन्थीले जानकारी दिए।

योसँगै रेसुङ्गामा दुई सय ५८ प्रजातिका चराहरु छन्। यसअघि दुई सय ५३ प्रजातिका थिए। यहाँ विश्वकै दुर्लभ मानिएका रणमत्त महाचील, चील, सेतो गिद्ध, गोमायु महाचील, डङ्गुर गिद्ध र सुन गिद्धहरु पाइन्छन्।

चराको अध्ययनपछि पुस्तक विमोचन गर्दै रेसुङ्गा नगरपालिका प्रमुख खिलध्वज पन्थीले रेसुङ्गा चरासँगै ऐतिहासिक, धार्मिक र पर्यटकीयस्थल भएको बताउनुभयो। उहाँका अनुसार यस क्षेत्र चराहरुको बासस्थान बन्दै गएको छ।यस क्षेत्रमा दुर्लभ चरा भेटिए पनि जलवायु परिवर्तनका कारण जोगाइराख्न चुनौती रहेको सङ्घले जनाएको छ। रेसुङ्गामा वन संरक्षण क्षेत्रको जङ्गल सात हजार नौ सय तीन हेक्टर क्षेत्रफल छ।

यहाँ दुई सय ५८ चरासँगै, एक सय २५ वनस्पति, ७१ जडीबुटी, २५ स्तनधारी, १९ पुतली, १९ सरिसृप, ११ माछा र छ प्रजातीका उभयचय छन्। रेसुङ्गालाई सन् २००५ मा महत्वपूर्ण चराको क्षेत्रका रुपमा पहिचान गरिएको थियो। सामुन्द्रिक सतहदेखि दुई हजार तीन सय ५० मिटर उचाइमा रहेको रेसुङ्गा क्षेत्र ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र मानिन्छ।रासस

# चामल उपभोग गर्ने उपभोक्ता बढे



ताप्लेजुङ, ३ फागुन
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड ताप्लेजुङबाट चामल उपभोग गर्ने उपभोक्ता बढेका छन्। बजारमा चामलको मूल्य वृद्धि, ग्रामीण क्षेत्रसम्म सडकको पहुँच पुगेको लगायतका कारण उक्त कम्पनीबाट चामल लिने उपभोक्ता बढेका हुन्। पछिल्लो केही महिनायता हरेक महिनामा एक सय ५० क्विन्टलको हाराहारीमा चामल बिक्री हुँदै आएको कम्पनीले जनाएको छ।

यस्तै, चामलको मूल्य समायोजन गरेर घटाएकाले पनि उपभोक्ता बढेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड ताप्लेजुङका निमित्त प्रमुख गोपाल राईले बताउनुभयो। कम्पनीले गएको पुस २० गतेदेखि बासमती चामलको मूल्य प्रतिकिलो रु नौले घटाएको छ। प्रतिकिलो रु एक सय १४ मा बिक्री हुँदै आएको उक्त चामल अहिले रु एक सय पाँचमा पाइन्छ।

यस्तै सोना चामल प्रतिकिलो रु ४७ र जिरामसिना रु ७० का दरले पाइन्छ। बजारमा चामलको मूल्य वृद्धि भएकाले र गाउँगाउँसम्म सडकको पहुँच पुगेकाले पनि उपभोक्ताहरु बढ्दै गएको प्रमुख राईको भनाइ छ।विगत वर्षमा यहाँको चामल न्यून मात्रामा बिक्री हुन्थ्यो। बजार क्षेत्र र नजिकका गाउँका मानिसले मात्रै उपभोग गर्ने यहाँको चामल अहिले गाउँ-गाउँसम्म पुग्न थालेको छ। बजारमा अन्य काम विशेषले आएकाले पनि चामल लिएर फर्किने गरेको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार टाढाबाट आएकालाई कारण नखुलाई १० बोरासम्म दिने गरिएको छ भने सोभन्दा बढी लिनेले कारण खुलाई वडाको सिफारिससमेत लिएर आउनुपर्ने हुन्छ। दसैं, तिहार जस्ता चाडपर्वमा छुट गर्दै आएको कार्यालयले अन्य समयमा समेत अवस्था हेरी छुट गर्दै आएको छ।

यस जिल्लामा वार्षिक झन्डै एक हजार क्विन्टलको हाराहारीमा चामल आउँछ। अहिले बिक्री भइरहेको सरदर अवस्थालाई हेर्दा अब थप गर्दै जानुपर्ने अवस्था आउन सक्ने कार्यालयको अनुमान छ। जिल्लाका केही गाउँपालिकाले पनि खाद्य डिपो सञ्चालनका लागि परामर्श लिइरहेको बताइएको छ।रासस

# स्रोतमा फोहर वर्गीकरण गर्नै चुनौती

काठमाडौँ, ३ फागुन
काठमाडौँ महानगरपालिकाले सात महिनादेखि स्रोतमा फोहर वर्गीकरण गरी अन्तिम व्यवस्थापन गर्ने भने पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। फोहर व्यवस्थापन कार्य प्रभावकारी बनाउन कामपाले गत साउन १ गतेदेखि स्रोतबाटै कुहिने र नकुहिने फोहर वर्गीकरणको काम थाल्यो। कामपाको ३२ वटै वडामा अझै उक्त किसिमले फोहरको वर्गीकरण हुन सकेको छैन। सुरुमा केही दिन नगरवासीले घरबाट नै वर्गीकरण गरी ल्याउने गरेपनि अहिले सबै किसिमको फोहर एउटै भाँडोमा राखेर व्यवस्थापनको काम भइरहेको छ।

कामपा वातावरण विभाग प्रमुख रवीनमान श्रेष्ठका अनुसार अहिले पनि केही वडाबाट फोहर वर्गीकरण गरी ल्याइन्छ। केही वडाबाट सबै फोहर एकै ठाउँमा राखेर व्यवस्थापन गर्नुपरेको छ।प्रमुख श्रेष्ठले भने , कुहिने फोहर काठमाडौँ उपत्यकामा नै व्यवस्थापन गर्न स्थान खोज्ने काम भइरहेको छ, त्यसबारे कामपाले केन्द्र सरकासँग छलफल गरिरहेको छ। स्थान प्राप्त हुनेबित्तिकै स्रोतमा नै फोहरको वर्गीकरण गरी प्रभावकारी रुपमा कार्यान्वयन हुन्छ। परीक्षणका रुपमा यसै हप्तादेखि टेकु ट्रान्सफर स्टेसनमा नै कुहिने फोरलाई मल बनाउने काम सुरु हुन्छ। यो सँगै उपत्यकाको अन्य केही स्थान र काठमाडौँ उपत्यकाको अन्तिम फोहर व्यवस्थापन स्थान बञ्चरेडाँडामा पनि कुहिने फोहर अलग राखेर मल बनाउने काम सुरु गर्ने तयारी कामपाको छ, प्रमुख श्रेष्ठले भने। तत्कालका लागि स्थान अभावकै कारणले यो काम प्रभावकारी हुन नसकेको बताइएको छ।अन्तिम फोहर व्यवस्थापन स्थानमा फरक किसिमले व्यवस्थापनको प्रबन्ध गरेसँगै पुनः साउन पहिलो साताझैं स्रोतमा नै फोहर छुट्टयाएर काम हुने विश्वास कामपाको छ।कामपाको कूल ३२ मध्ये भित्री नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहर व्यवस्थापन हुँदै आएको छ। वर्गीकरण योजना सबै वडामा लागू गरिएको छ।हरेक दिन उपत्यकाबाट एक हजार दुई सय मेट्रिक टन फोहर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ। त्यसमध्ये सबैभन्दा बढी कामपाको पाँच सय मेट्रिक टन फोहर जान्छ। निजी क्षेत्रबाट व्यवस्थापन हुने र कामपाको गरी दैनिक कम्तीमा दुई सय गाडीले फोहर ओसार्छन्। अन्तिम फोहर व्यवस्थापन स्थान बञ्चरेडाँडामा दैनिक एक हजारदेखि एक हजार दुई सय मेट्रिक टनसम्म फोहर जाने गरेको छ। उपत्यकाको १८ पालिकाको फोहर दैनिकरूपमा उक्त स्थानमा पुग्छ। सुरुमा गोकर्ण, सिसडोल हुँदै अहिले बञ्चरेडाँडामा फोहर व्यवस्थापन गरिँदै आएको हो। विसं २०६८ मा सरकारले जारी गरेको फोहरमैला व्यवस्थापन ऐन र २०७७ सालमा काठमाडौँ महानगरले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम सहरी सरसफाइ र स्वच्छताका लागि दायित्व पूरा नगर्नेलाई जरिवाना गर्ने कानुनी व्यवस्था रहेको छ।ऐनमा फोहरलाई स्रोतमै छुट्ट्याउने दायित्व उत्पादकको हुने व्यवस्था छ। यसअनुसार उत्पादकले भान्सामा जैविक र अजैविक फोहरलाई छुट्टाछुट्टै भाँडामा राख्नुपर्नेछ।रासस

# लाल आयोग प्रतिवेदन सार्वजनिक नगरे सदन अवरुद्ध गर्ने चेतावनी

मधेशदृष्टि
वीरगंज ३ फागुन।
नागरिक उन्मुक्ति पार्टीका सांसद गंगाराम चौधरीले लाल अयोगको प्रतिवेदन सार्वजनिक नगरे सदन अवरुद्ध गर्ने चेतावनी दिएको छ।
पार्टीका तर्फबाट प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले लाल अयोगको प्रतिवेदन यथासिघ्र सार्वजनिक गर्न माग गरे। अन्यथा सदन चल्न नदिने र सडकमा पनि आन्दोलन गर्न बाध्य हुने चौधरीको चेतावनी छ। 'लाल अयोग जबसम्म सार्वजनिक हुँदैन। तबसम्म सदन चल्न सक्दैन' उनले भने। जसपा, लोसपाले पनि लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग राख्दै आएका छन् ।तराई, मधेस र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलले गरेको आन्दोलनका क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाको सत्य-तथ्य छानबिनसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग गठन भएको थियो। टीकापुर घटनाबारे ०७३ असोज ६ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा गठित उक्त आयोगको प्रतिवेदन सार्वजनिक भएको छैन।

# लामिछाने विरुद्धको जाहेरी दर्ता नगरिने

मधेशदृष्टि, वीरगंज ३ फागुन।
जिल्ला सरकारी वकिल कार्यालयले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्धको मुद्दा जिल्ला प्रहरी परिसर काठमाडौंमा अनुसन्धान जारी रहेकाले जाहेरी दर्ता गर्नु नपर्ने निष्कर्ष निकालेको छ। सरकारी वकिल कार्यालयले जिल्ला प्रहरी परिसर काठमाडौंमा छानबिन चलिरहेको सूचना आएको भन्दै जाहेरीमा केही गर्नुनपर्ने भन्दै थन्क्याउने निर्णय गरेको हो।
युवराज पौडेलले सभापति लामिछानेले झुटो विवरण दिएर राहदानी लिएको भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंमा दिएको जाहेरी सर्वोच्च अदालतले नागरिकता मुद्दामा गरेको फैसलाको पूर्णपाठ नआइनसकेको भन्दै दर्ता गर्न अस्वीकार गरेको थियो।
प्रहरीले जाहेरी दर्ता गर्न अस्विकार गरेपछि पौडेलले जाहेरी दर्ता गर्न नमानेको भन्दै जिल्ला सरकारी वकिल कार्यालयमा निवेदन दिएका थिए।
सरकारी वकिल कार्यालयले यसअघि लामिछानेको राहदानीको विषयमा जिल्ला प्रशासन कार्यालय काठमाडौं, राहदानी विभाग र अध्यागमन विभागबाट विवरण माग गरेको थियो। जिल्ला प्रशासन कार्यालयबाहेक अरु निकायबाट जवाफ नआएको सरकारी वकिल कार्यालयले जनाएको छ।
लामिछानेको राहदानीको विषयमा केही महिनाअघि गृह मन्त्रालयमा परेको उजुरी जिल्ला प्रशासन कार्यालय हुँदै जिल्ला प्रहरी परिसर काठमाडौंमा पुगेको हो। प्रहरीले अनुसन्धान सकेर प्रतिवेदन पेश गरेपछि मात्रै अध्ययन गरी थप निर्णय लिने सरकारी वकिल कार्यालयले जनाएको छ।

# मुद्दा हेर्न नभ्याईने

मधेशदृष्टि
वीरगंज ३ फागुन।
एमाले अध्यक्ष केपी ओलीको सरकारको पालामा नियुक्त भएका विभिन्न संवैधानिक निकायका ५२ जना पदाधिकारीविरुद्धको मुद्दा हेर्न नभ्याइने भएको छ।
सर्वोच्च अदालतको संवैधानिक इजलासमा बुधबारदेखि अन्तिम सुनुवाइ गर्ने पेशी ताकिएको भएपनि मुद्दा हेर्न नभ्याउने भएपछि सुनुवाइ सरेको हो। ओली सरकारले अध्यादेशमार्फत संवैधानिक परिषदको स्वरुप परिवर्तन गरी विधि मिचेर नियुक्तिका लागि सिफारिस गरिएको भन्दै परको रीटमाथिको सुनुवाई पटक पटक सर्दै आएको थियो। गत साउन ११ गते सर्वोच्च अदालतले पेशी नसर्ने र मुद्दा स्थगित नहुनेगरी व्यवस्था गर्न आदेश दिएको थियो। सोही आदेश अनुसार अन्तिम सुनुवाइका लागि बुधबार पेशी तोकिएको थियो। नियुक्तिको सिफारिसमा संवैधानिक, कानूनी र प्रक्रियागत त्रुटी रहेको भन्दै नियुक्ति खारेज हुनुपर्ने माग गरिएको छ।

# लामिछानेको सुनवाई फागुन १२ मा

मधेशदृष्टि,
वीरगंज ३ फागुन। नाबालिग बलात्कारको अभियुक्त क्रिकेटर सन्दीप लामिछानेलाई थुनामै राखेर मुद्दा किनारा लगाउनुपर्ने मागसहित सर्वोच्च अदालतमा परेको निवेदनमाथि फागुन १२ गते सुनुवाइ तोकिएको छ। सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलका अनुसार नाबालिग बलात्कारको अभियुक्त लामिछानेलाई थुनामा राख्न माग गर्दै दायर गरिएको निवेदनमा सर्वोच्च अदालतले पाटन उच्च अदालतबाट कैफियत प्रतिवेदन झिकाएसँगै नयाँ पेशी तोकिएको हो। लामिछानेलाई थुनामै राखेर उनीविरुद्धको नाबालिग बलात्कार मुद्दाको प्रक्रिया अगाडि बढाउनु पर्ने माग गर्दै महान्यायाधीवक्ताको कार्यालयले सर्वोच्चमा दिएको निवेदनको सुनुवाइ सर्वोच्चमा भइरहेको छ। उच्च अदालतले पुस २८ गते लामिछानेलाई २० लाख धरौटीमा छाड्ने गरी दिएको आदेशविरुद्ध महान्यायाधीवक्ता कार्यालयले सर्वोच्च अदालतमा निवेदन दिएको थियो।

# बुवाको हत्या आरोपमा छोरा पक्राउ

विनय कर्ण, सप्तरी, ३ फागुन। बुबाको हत्या गरेर तीन बर्षदेखि फरार रहेका छोरालाई जिल्ला प्रहरी कार्यालय सप्तरीले पक्राउ गरेका छन्। जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १४ बस्ने ३४ वर्षीय देवकुमार रामलाई प्रहरीले पक्राउ गरेको हो्। सोमबार जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको टोलीले उनलाई घरमै लुकेर बसिरहेको अवस्थामा पक्राउ गरी सार्वजनिक गरेका हुन। जग्गाको विषयमा विवाद हुँदा रामले ६५ वर्षी बुवा जग्दीश रामलाई कुटपीट गरेपछि २१ बैशाख २०७६ मा उनको मृत्यू भएको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए। बुवाको मृत्यू पछि आरोपित देव कुमार फरार रहँदै आएका थिए। उनलाई सप्तरी जिल्ला अदाललतबाट म्याद थप गरी कर्तव्य ज्यान मुद्धामा अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# आमजनता पार्टी रौतहटको सपथग्रहण

मधेशदृष्टि , रौतहट ३ फागुन।
प्रभु साह नेतृत्वको आमजनता पार्टी रौतहटको बुधबार सपथग्रहण कार्यक्रम सम्पन्न भएको छ। पार्टी जिल्ला कमिटी द्वारा देवाही गोनाहिमा आयोजित सपथर्ग्हण कार्यक्रम सम्पन्न भएको हो। समारोहमा आमजनता पार्टी प्रदेश कमिटीका ईन्चार्ज उपेन्द्र साहले जिल्ला अध्यक्ष धर्मेन्द्र पटेल लगायत पदाधिकारीलाई सपथग्रहण गराएका थिए। कार्यक्रमका प्रमुख अतिथि संगठन बिभागका प्रमुख कुन्दन कुश्वाहाले आमजनता पार्टी गठनको उदेश्य बारे प्रकाश पर्दै पर्सा,बारा,रौतहट सर्लाही गरि ४ जिल्लामा जिल्ला कमिटी लाई पुर्णता दिएको तथा बांकी अन्य जिल्लाहरुमा पनि क्रमश पुर्णता दिने बताएका थिए ।कार्यक्रममा बिशिस्ट अतिथी सियाराम कुश्वाहा,जिल्ला अध्यक्ष धर्मेन्द्र पटेल ,उपाध्यक्ष सुभद्रा देवि,सचिव पलट चौधरी ,सहसचिवहरु अनिल झा,अशोक साह लगायतका बक्ताहरुले देशमा सुखी नेपाली र समृद्ध नेपालको परिकल्पना आमजनता पार्टी बाहेक अन्य कुनै पार्टीले पुरागर्न नसक्ने दाबी गरेका थिए।

## मदिराको नसा २४ ....................................

कारण नियन्त्रण हुन कठिनाइ भएको वडा अध्यक्ष कुश्वाहाले बताए।
हेल्थलैण्ड अस्पताल गरुडाका डाक्टर राकेश चौधरीले लामोसमय भोकै रक्सिको सेवनले अल्कोह्विलिक लिवको रोगले च्याप्दै जाने बताए ।समयमा उपचार नभएपछि लिवर सुनिने,लिवर सिरोसिस भएर पेटमा पानी भरिने तथा उपचारको अभावमा बिरामीको मृत्यु समेत हुने डाक्टर चौधरीले जानकारी दिएका छन्। पछिल्लो ५ बर्ष भित्र एकाबिहानै देखि रक्सी सेवन गेरर स्वास्थ अवस्था गम्भीर भएर ५० बर्ष भन्दा कम उमेरका एकदर्जन भन्दा बढिको ज्यान गएको छ। रक्सी सेवनकै कारण ज्यान गुमाउनेहरुमा बर्ष ३० का दिलिप महरा चमार,चमारको घरको आर्थिक अवस्था कमजोर भएको कारण उपचारको अभावमा एकहप्ता अघिमात्र मृत्यु भएको समाजसेवी दिनानाथ साह कलवारले बताएका छन। त्यस अघि कटहरिया ५ का ४० बर्षिय जयकिशोर साह सोनार,४५ का छोटेलाल साह तेली ५० का मिर्चाई साह सोनार,३० का सरोज महरा,४० का महेश्वर सिंह , ४५ का उनका दाजु राजेश्वर सिंह ,४० का शम्भु यादव ,४५ का रामेश्वर दास ततमा,४० का भाई राजेश्वर दास ततमाको ज्यान गएको वडा अध्यक्ष कुश्वाहाले जानकारी दिएका छन्। त्यसैगरी ५० का गौरी नुनिया,२५ का छोरा सरोज नुनिया,४५ का मोकदम मियां,२५ का प्रकाश महरा,३० का संजय बनिया,२५का दिनेस कानु,५० का उनको बुबा शिवनाथ कानु,४० का दिपक साह तेलि,४५ का रामबाबु साह,५० का भिमबहादुर क्षेत्री ,५० का रामएकवाल साह,महिन्द्र साह लगायत वडा ४ र ५ का गरि २४ जना भन्दा बढीको अत्यधीक मदिरा सेवनकै कारण ज्यान गएको कटहरियाका पुर्व गाविस अध्यक्ष देवधारी साहले बताउँछन्।
कटहरिया बजार क्षेत्रमा जताततै घरेलु मदिराको बिक्री बितरणले युवाहरु बिहान भोखै पेटमा खान सुरु गर्दछन्। अबैध मदिरा उत्पादन तथा बिक्रीवितरण नियन्त्रण गर्ने निकाय प्रहरी हो। तर ईलाका प्रहरी कार्यालय कटहरियाको चौतर्फी झन्डै एकदर्जन घरेलु मदिरा बिक्री गर्ने एकदर्जन ठुला ठूला पसल निर्वाधरुपमा संचालनमा छन्। प्रहरी कार्यालयको ५० देखि १०० मिटरको दुरिमा रहेका पसलहरुमा दैनिक सैयौं मानिस रक्सी खान आउँजाउँ गर्दछन्। ग्राहकबीच कहिलेकाहिँ झगडा पनि हुन्छ। कतिपय रक्सीले मातेर होहल्ला तथा जथाभावी गालिगलौज गर्दै हिंड्छन तर नजिकै रहेको प्रहरी केही गर्दैन। एकपटक बिहान देखि रक्सी खाने बानी परेपछि छोड्न गाह्रो हुनेगरेको स्थानीयले बताएका छन। तर डाक्टर राकेश चौधरीले त्यसरी बानी परेका मानिसको आफन्तले सम्झाई गर्दा,स्वंयले पनि मजबुत आत्मविश्वास राखेमा रक्सीको बानी छुट्नसक्ने डाक्टर चौधरीले बताएका छन् ।चौधरी आवश्यकता अनुसार कतिपयलाई सुधारगृहमा राख्न पर्ने उनको भनाई छा यसरी लामोसमय देखि कटहरियामा देखिएको मदिरा बिकृती रोक्न पटकपटक प्रयास हुँदा पनि सफल हुन सकेको छैन। स्थानीय अब प्रशासनिक हस्तक्षेप आवश्यक रहेको बताउँछन्।

# एक हुण्डी कारोबारी पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, ३ फागुन। स्रोत नखुलेको ४ लाख ६ हजार ११५ रूपैयाँसहित धनुषा प्रहरीले एक हुण्डी कारोवारीलाई पक्राउ गरेको छ।
पक्राउ पर्नेमा धनुषाधाम नगरपालिका वडा नम्बर-७ बस्ने ३८ वर्षीय जाबिर राईन रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।
नगराईन नगरपालिका वडा नम्बर-२ स्थित ईलाका प्रहरी कार्यालय लग्मा जटहीबाट प्रहरी बरिष्ठ नायव निरिक्षकको कमाण्डमा चेकिङमा खटिएको टोलीले भारतबाट नेपाल तर्फ आउँदै गरेको अवस्थामा प्रदेश-२-०२-००४ प ७५३४ नम्बरको मोटरसाइकलमा सवार राईनलाई पक्राउ गरेको हो।
राईनमाथि शंका लागि चेकजाँच गर्दा उनले बोकेको खैरो रंगको झोलाबाट स्रोत नखुलेको नेपाली ४ लाख ६ हजार ११५ रूपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रकाश गौतमले जानकारी दिए। प्रहरीले राईनको साथबाट मोटरसाइकल १ थान, विभिन्न कम्पनीको मोबाइल २ सहित नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि भन्सार कार्यालय जनकपुरमा पठाएको डीएसपी गौतमले बताए।

# पाँच फरार प्रतिवादी पक्राउ

विनय कर्ण
सप्तरी, ३ फागुन। जिल्ला प्रहरी कार्यालय सप्तरीले विभिन्न मुद्दामा फरार रहेका पाँच जना प्रतिवादीलाई बुधबार पक्राउ गरेको छ।
पक्राउ पर्नेमा रुपनी गाउँपालिका वडा नम्बर २ बस्ने २५ बर्षीय अनिलकुमार ईसर, खडक नगरपालिका वडा नम्बर २ बस्ने ४३ बर्षीय गामा भन्ने गमनाथ मंडल, सोही ठाउँका ५२ बर्षीय गमकुमार मंडल, ४६ बर्षीय बिल्टु भन्ने गम्मु मंडल र २८ बर्षीय ईन्द्रजीत मंडल रहेका छन्। उनीहरु मध्ये अनिल लाई परीक्षा सम्बन्धी मुद्दामामा रु तीन हजार जरीवाना र बाँकी चारै जानालाई कुटपीट मुद्दामा जनही रु पाँचहजार जरिवाना सप्तरी जिल्ला अदालतले गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।
फरार सूचीमा रहेका उनीहरुलाई घरबाट पक्राउ गरी फैसला कार्यान्वयनका लागि सप्तरी जिल्ला अदालतमा दाखिला गरिएको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए।

## खाता खोल्ने विषयमा......................

यस्तै कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले सभामुख मण्डलले आफूले बोलाएको बैंक प्रतिनिधिलाई भित्र छिर्न दिइयो तर हाम्रो बैंक प्रतिनिधिलाई छिर्न नदिनु उनको तानाशाही प्रवृति रहेको आरोप लगाएका छन्। उनले भने 'बैंक प्रतिनिधि मात्र नभई हाम्रा अतिथि पनि थिए, हामीले आफ्ना अतिथिलाई संसदीय दलको कार्यालयसम्म लग्न सक्छु नि, प्रदेश सभामा सबै सांसदको बराबर अधिकार हो।' झा भन्छन् 'अरु पार्टीले आफ्नो अतिथि ल्याउन पाउने हामी प्रतिपक्षी भएपनि ल्याउन नपाउने यो कुन कानूनमा व्यवस्था छ, सभामुख भएपछि प्रतिपक्षीप्रति तानाशाही प्रवृति देखाउनु गलत हो।' करीब ४ घण्टा पश्चात कांग्रेस प्रदेश सभासदस्यहरु गेटमा विरोध गर्नुभन्दा सभा नै अवरुद्ध गर्ने भनेर गेटको धर्ना छोडेर सभा संचालन भएपछि हाउसमा प्रवेश गरेका थिए। आफ्नो अतिथिलाई प्रवेश गर्न दिएन भनेर कांग्रेसका प्रदेशसभा सदस्यहरूले सभा सुचारु हुने बितिकै अवरूद्ध गरेका थिए। प्रमुख प्रतिपक्षीको अवरोधपछि सभा सुचारुका लागि सहमति गर्न १० मिनेटका लागि स्थगित गरिएको थियो। सभा अवरूद्धकै क्रममा सभामुख रामचन्द्र मण्डलले अतिथि भन्दै कसैले बम लिएर आएमा त्यसलाई कसरी छिर्न दिने अभिव्यक्ति दिएपछि कांग्रेस सभा सदस्यहरूले सदन भित्र सभामुख जस्ता जिम्मेवार व्यक्तिले अराजक अभिव्यक्ति दिनु गलत रहेको भन्दै हाउस भित्रै विरोध जनाएका थिए। पछि सभामुख मण्डलले संसदहरुले जुनसुकै बैंकमा खाता खोल्न पाउने सहमति जनाएपछि र आइन्दा कुनैपनि दलका अतिथिलाई प्रवेश निषेध नगर्ने सभामुखले प्रतिबद्धता जनाएपछि सभा सुचारू भएको थियो।

### विवादको जड

प्रदेश सभाको खाता शुरूदेखि नै एनएमबी बैंकमा थियो। प्रदेशसभा श्रोतका अनुसार मण्डल सभामुख भएपछि अर्को बैंकमा खाता खोल्ने कुरा भयो। शुरूमा एभरेष्ट बैंकसंग कुरा गरियो तर के कति कारणले कुरा मिलेन। कांग्रेसले एनआइएमबि बैंकमा खोल्ने प्रस्ताव गरेको थियो। यहीबीचमा एनएमबीले समेत थाहा पाएपछि सभामुख मण्डलसँग कुरा गरेर सहमति गरायो। तर कांग्रेसले मानेन् र आफ्ना सांसदहरूको खाता एनआइएमबिमै खोलाउँ छौ भन्दै संसदीय दलको कार्यालयमा बोलाएपछि गेटमै सभामुखको निर्देशनमा प्रहरीले उनीहरुलाई छिर्न नदिएपछि विवाद भएको थियो।

## वीरगंजका निजी हस्पिटल..........

हस्पिटल पनि छ त्यसले पनि नारायणी अस्पतालको नाम प्रयोग गरेर बिरामीलाई आफू तिर तान्दै आएको छ।
नाम उल्लेख नगर्ने सर्तमा एक एम्बुलेन्स चालकले बताए अनुसार हस्पिटलहरुले बेलाबेलामा चालकहरुलाई पार्टी दिने र खर्चबर्च पनि दिने गरेका छन। खासगरी ग्रामिण भेगका जनतालाई झुक्याउन सजिलो हुने भएकोले गाउँबाट ल्याएको विरामी मोटो कमिशन दिने हस्पिटलमा पुऱ्याउने गरेको उनले बताए। तलब भत्ताले नपुग्ने भएकोले आफूहरुले कमिशनको चक्करमा परेर काम गर्नु परेको आफ्नो बाध्यता पनि पनि सुनाए।
वीरगंजमा निजी स्तरबाट संचालित अस्पतालहरुमा भरपर्दो उपचार नहुने गुनासो त पहिलै देखि नागरिकको थियो। पछिल्लो केहि बर्षदेखि हस्पिटलहरुले आर्थिक आर्जनको लागि बिरामी नै खरीद बिक्री गर्न थालेपछि स्वास्थ्य क्षेत्रमा वीरगंजको बदनामी हुन थालेको छ। यी गतिविधिले गर्दा बिरामीहरु वीरगंज स्थित हस्पिटलहरुमा उपचार नगराई काठमाडौ र धरान जस्ता अस्पतालमा जाने गरेका छन्।

# पिपराको पशुपतिनाथ मन्दिरमा महाशिवरात्री मेला लाग्ने

मधेशदृष्टि
वीरगंज ३ फागुन।
वीरगन्ज महानगरपालिका वडा नम्बर १४ पिपरा स्थित चिनीमिल आवासक्षेत्र भित्रको पशुपति मन्दिरमा शिवरात्रीको दिन शनिबार मेला लाग्ने भएको छ। स्थानीयवासीको भेलाले पिपराको पशुपतिनाथ मन्दिर परिसरमा शिवरात्रीका दिन शनिबार आरती, कुश्ती र सांस्कृतिक कार्यक्रम सहित मेला लगाउने भएका छन । मेलामा नेपाल र भारतका प्रख्यात कुश्तीबाजहरुको सहभागितामा कुश्ती प्रतियोगिता सहित मनोरञ्जनका लागि सांस्कृतिक कार्यक्रमको पनि आयोजना गर्ने भएको छ। कुश्ती प्रतियोगितामा भारतका २० जना र नेपालका ४० जना कुश्तीबाजहरुको सहभागिता रहने बताइएको छ। शिवरात्रीको दिन शनिबार बिहान साढे ११ बजेदेखि कुश्ती प्रतियोगिता हुने र साँझ ५ बजे आरती र प्रसाद वितरणको साथै साँझ ६ बजेपछि सांस्कृतिक कार्यक्रमको आयोजना हुने स्थानीय बाबुनन्द पटेलले जानकारी दिएका छन। मेला र प्रतियोगिताको मन्दिर व्यावस्थापन समितिका शम्भु प्रसाद चौरसियाले उदघाटन गर्ने कार्यक्रम तय गरिएको छ।

# मलमा भएको लुटपाट घटनाको अनुसन्धान गर्न प्रधानमन्त्रीको निर्देशन

मधेशदृष्टि
वीरगंज ३ फागुन।
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले काठमाण्डौको गोङ्गबु नयाँ बसपार्कको ल्होत्से मलमा भएको तोडफोड र लुटपाटको घटनाको गम्भीर अनुसन्धान गर्न निर्देशन दिएका छन।
बुधवार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मुख्य सचिव, गृह मन्त्रालयका सचिव, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखसहितका सुरक्षा अधिकारीलाई बोलाएर प्रधानमन्त्री प्रचण्डले त्यति ठूलो घटना हुँदा पनि सुरक्षा निकायको उपस्थिति नदेखिएको भन्दै असन्तुष्टिसमेत व्यक्त गरेका छन। प्रधानमन्त्री प्रचण्डले घटनाको जतिसक्यो चाँडो अनुसन्धान गरेर दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन निर्देशन दिएको उनको सचिवालयले जनाएको छ।
लुटपाटको घटनाले समाजमा त्रास सिर्जना गरेको भन्दै उनले गल्ती गर्ने जो कोही पनि कारबाहीमा पर्छन् भन्ने सन्देश दिन पनि आग्रह गरे। जवाफमा प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले घटनाको अनुसन्धान भइरहेको र केही शङ्कास्पद व्यक्ति पक्राउ परेको समेत जानकारी गराएका छन। घटना पूर्वानुमान गरेको भन्दा निकै फरक भएकाले सुरक्षा अङ्ग चुकेको पनि उनले बताएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।
गएको सोमवार यातायात मजदुरहरूले ट्राफिक नियमका विरुद्ध सडकमा गाडी तेर्साएर आन्दोलन गरेका थिए। प्रदर्शनकारीहरूले प्रहरीका भ्यान र प्रहरी बिट जलाउनुको साथै नयाँ बसपार्कमा रहेको ल्होत्से मलका पसलमा लुटपाट गरेका थिए।

# शक्ति राष्ट्रहरुले राष्ट्रपतिको चुनावमा प्रत्यक्ष रुपमा भुमिका खेलेको आरोप

मधेशदृष्टि, वीरगंज ३ फागुन।
राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले शक्ति राष्ट्रहरूले राष्ट्रपतिको चुनावमा प्रत्यक्ष रुपमा नै भूमिका खेलेको आरोप लगाएका छन। प्रतिनिधि सभाको बुधबार बैठकमा बोल्दै सांसद केसीले यस्तो आरोप लगाएका हुन। उनले शक्ति राष्ट्रहरूले यस पटक प्रत्यक्ष रुपमा आफ्नो देशको स्वार्थअनुकूल भूमिका खेलिरहेको बताए। उनले यसले नेपालको स्वाभिमान नेपालको राष्ट्रियता र सार्वभौम अखण्डतामाथि पुगिरहेको आरोप लगाए। सांसद केसीले नेपाली सरकार प्रमुखहरू विदेशी शक्ति राष्ट्रका मानिसहरू आउँदा लम्पसार परेर उनीहरूको आशिर्वादबाट आफ्नो दुनो सोझ्याउने काम गरिरहेको दाबी गरे। सांसद केसीले भारतका सामान्य कर्मचारी आउँदा पूर्वप्रधानमन्त्रीदेखि मन्त्रीहरू र राष्ट्रप्रमुख नै लम्पसार परेको भन्दै यसले देशको इज्जत र प्रतिष्ठामा आँच आएको समेत बताए।

# एमालेलाई रबर स्टाम्प राष्ट्रपति चाहिएको छ

मधेशदृष्टि, वीरगंज ३ फागुन।
नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले अहिले नेकपा एमालेलाई राष्ट्रपति नभई रबर स्ट्याम्प राष्ट्रपति चाहिएको आरोप लगाएका छन।
बुधवार प्रतिनिधि सभाको बैठकमा बोल्दै सांसद पौडेलले यस्तो आरोप लगाए। उनले संविधानको रक्षा गर्ने व्यक्तिलाई राष्ट्रपति बनाउन कांग्रेस प्रतिबद्ध रहेको उल्लेख गरे। सांसद पौडेलले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई सुपरप्रधानमन्त्रीको संज्ञा पनि दिए। ओलीको इसारामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई चलाउने प्रयास भइरहेको भन्दै ओलीले सुपर प्रधानमन्त्री बनेर प्रधानमन्त्रीमाथि दबाब सिर्जना गरिरहेको आरोप लगाएका हुन। उनले ओलीले सुपरप्रधानमन्त्री ठानेर फुर्ती प्रस्तुत गरिरहेको भन्दै तत्कालीन ओली सरकारमा भएको संसद् विघटन कायरता भएको उल्लेख गरे। उनले अध्यक्ष ओलीले कायरतालाई छोप्न बहादुरी प्रदर्शन गर्ने कोसिस गरिएको बताए।

## एक सातामा दुईवटा ठूला ..............................

सरकारको डेटा सेन्टरको रुपमा रहेको, सरकारी साइट र इमेलहरूको होस्टिङ्ग गर्ने नेसनल इन्फर्मेसन टेक्नोलोजी सेन्टरको वेबसाइटमा यो हप्ता भएको साइवर आक्रमणको समयसम्म पनि ट्रयान्सपोर्ट लेयर सेक्युरिटी (सेक्युर सकेट लेयर) नरहेको पाइएकाले सरकारी निकायहरू साइबर सुरक्षा प्रति कतिसम्म उदासिन रहेका छन् भन्ने देखाउँछ।
साइबर सुरक्षालाई प्राथमिकिकरण गर्नका लागि यस सम्बन्धमा भएका सरकारी अध्ययन, अनुसन्धानबाट आएका सुझावहरूलाई समेत सरकार र सरकारी निकायले नजरअन्दाज गरेको देखिएको छ। उदाहरणका लागि महालेखा परिक्षकको कार्यालयले वि.सं. २०७८ मा सूचना प्रविधि लेखा परिक्षण प्रतिवेदन तयार गर्दै राष्ट्रिय सूचना प्रविधि केन्द्रमा तथ्यांकको सुरक्षा सम्बन्धमा बहुपक्षीय विश्लेषण र समाधानको उपयुक्त संयन्त्र नहुँदा डाटा सेन्टरका तथ्यांकको पाइरेसी, ह्याकिङ, भाइरस, फिसिङ, मालवेयर जस्ता साइबर थ्रेटको जोखिम रहने र 'केन्द्रमा रहेको तथ्याङ्क सुरक्षा प्रणाली डाटा सेन्टरको अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सुरक्षित र भरपर्दो छ भनी आश्वस्त हुने आधार नरहेको' भनी औंल्याएको थियो। महालेखाले दिएका सुझावहरूलाई हालसम्म पनि सरकारले कार्यान्वयनमा ल्याएको छैन।
गृह मन्त्रालयका तत्कालि सहसचिव डा. भिष्मकुमार भूसालको संयोजकत्वमा साइबर सूरक्षाका चुनौतिहरू एवं साइबर अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन एक अध्ययन समिति बनाइएको थियो जसले २०७८ फागुनमा अध्ययन प्रतिवेदन सरकारलाई बुझायो। उक्त प्रतिवेदनले पनि नेपालमा साइबर सूरक्षाको स्थिति कमजोर रहेको औंल्याउदै 'साइवर हमलाका विषयमा गम्भिर नहुने हो भने एकैपटक ठूलो जोखिमको सामना गर्नुपर्ने हुनसक्छ' भन्नेमा जोड दिएको थियो। तथापि प्रतिवेदन प्राप्त गरेको एक वर्षसम्म पनि सरकारले यस विषयमा कुनै पनि प्रतिकार्य वा तयारी नगरेको हालको अभ्यासले देखाउँछ। त्यसैगरी २०७८ पुषमा गृह मन्त्रालयका तत्कालि सहसचिव डा. भिष्मकुमार भूसालको संयोजकत्वमा साइबर सूरक्षाका चुनौतिहरू एवं साइबर अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन एक अध्ययन समिति बनाइएको थियो जसले २०७८ फागुनमा अध्ययन प्रतिवेदन सरकारलाई बुझायो। उक्त प्रतिवेदनले पनि नेपालमा साइबर सूरक्षाको स्थिति कमजोर रहेको औंल्याउदै 'साइवर हमलाका विषयमा गम्भिर नहुने हो भने एकैपटक ठूलो जोखिमको सामना गर्नुपर्ने हुनसक्छ' भन्नेमा जोड दिएको थियो। तथापि प्रतिवेदन प्राप्त गरेको एक वर्षसम्म पनि सरकारले यस विषयमा कुनै पनि प्रतिकार्य वा तयारी नगरेको हालको अभ्यासले देखाउँछ। सेवा अवरुद्ध भएका अवस्थामा कसरी सेवा सञ्चालन गरिनेछ भन्ने न्युनतम विजनेस कन्टीन्युटी प्लानसम्म सरकारले तयार गरेको रहेनछ भने सरकारले गठन गरेको भनिएको तथाकथित ऋयफउगतभच ऋभचनभलअथ चभकउयलकभ त्भक ९ऋभ्च्त० पनि यस घटनामा कतै देखिएन।
नेपाल सम्भावित साइबर आक्रमणको जोखिममा छ भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाइसकेको र कमजोर सूचना प्रविधि पूर्वाधार, दक्ष जनशक्तिको अभाव, सूरक्षित साइवर अभ्यासको कमिको अवस्थामा उक्त जोखिमहरू झनै गम्भिर रहको अवस्थामा हामीले साइबर सूरक्षालाई राष्ट्रिय सुरक्षाकै एक महत्वपूर्ण पक्षका रुपमा लिई सीघ्रताका साथ अत्यावश्यक कदमहरू चाल्न आवश्यक छ। त्यसअन्तरगत नीतिगत तथा कानूनी सुधार (राष्ट्रिय साइबर सूरक्षा नीति, सूचना प्रविधि कानून तथा साइबर अपराध कानूनको तत्काल अवलम्बन), सूचना प्रणालीहरूको नियमित सूरक्षा परिक्षण, अपडेट तथा अपग्रेड, साइबर आक्रमण वा हमलाका बखतमा तत्काल आवश्यक कदम चाल्नका लागि प्रतिकार्य समुह (रेस्पोन्स टिम)को व्यवस्था, कर्मचारीहरूको प्राविधिक क्षमता अभिवृद्धि, सरकारी निकाय तथा पदाधिकारीहरूमा सुरक्षित साइबर अभ्यासको बाध्यकारी व्यवस्था गरिनु पर्छ। यसका साथै साइबर अपराध वा साइबर आक्रमण प्रायःजसो अवस्थामा वर्हिदेशीय क्षेत्राधिकार (देश बाहिरका स्थानबाट) हुने भएकाले राष्ट्रिय सामर्थ्य वा क्षमताबाट मात्र यसको सम्बोधन हुन सक्दैन, यसका लागि अन्तरराष्ट्रिय सहकार्य र सहयोग पनि आवश्यक हुन्छ। त्यसका लागि सरकारले साइबर अपराधसम्बन्धी हालसम्मको एकमात्र प्रभावकारी अन्तर्राष्ट्रिय सन्धिका रुपमा रहेको बुडापेस्ट कन्भेन्सनको सदस्य राष्ट्र बन्ने तर्फ पनि ध्यान दिन जरुरी छ। श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# टर्की भूकम्प: एकचालिस हजारभन्दा बढीको मृत्यु

इस्तानबुल, ३ फागुन
टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा गत माघ २३ गतेको भूकम्पमा परी ४१ हजारभन्दा बढीको मृत्यु भएको छभने दर्शौं हजार घाइते भएका छन् । दुवै देशमा हजारौं घरबारविहीन भएका छन् ।



खोज तथा उद्धारमा संलग्न सरकारी अधिकारीहरूका अनुसार टर्कीएमा ३५ हजार चार सय १८ जना तथा सिरियामा पाँच हजार आठ सय जनाको मृत्यु भएको छ । टर्कीएमा आठ हजारभन्दा बढीलाई भग्नावशेषबाट उद्धार गरिएको छ । सिरियामा ५३ लाख मानिस घरबारविहीन भएका छन् । टर्कीएमा दुई सय १५ भन्दा बढी परकम्प महसुस भएको छ । टर्कीएमा ४६ लाख तथा सिरियामा २५ लाख बालबालिका भूकम्पबाट प्रभावित भएका छन् ।

टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ म्याग्निच्युडको भूकम्प र त्यसको केही क्षणपछिको भएको त्यति नै शक्तिशाली अर्को परकम्पबाट टर्कीएका दश वटा प्रान्तमा अकल्पनीय क्षति भएको छ । छिमेकी सिरियामा पनि जनधनको व्यापक क्षति भएको छ ।

भैँचालोले भत्काएको भवनको भग्नावशेषबाट जीवितै उद्धार गर्न टर्कीएमा उद्धारकर्मी अझै सङ्घर्ष गरिरहेका छन् भने भूकम्पको एक सय २०५ घण्टापछि एक महिलासहित नौ जनालाई जीवितै उद्धार गरिएको छ । टर्कीएका राष्ट्रपति तैयेप एर्दोगानले भूकम्पका प्रारम्भिक दिनमा समस्या भए पनि अब परिस्थिति नियन्त्रणमा आएको बताउनुभएको छ । राष्ट्रिय टेलिभिजनबाट वक्तव्य जारी गर्दै उनले मानव इतिहासमा सबैभन्दा त्रासदीपूर्ण प्राकृतिक विपत्तिको चपेटामा आफ्नो देश परेको बताएका छन ।

आवास र खानेकुराको व्यवस्था दुवै देशका निम्ति चुनौती बनेको छ । टर्कीए सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कैयौं निर्माण व्यवसायीलाई पक्राउ गरेको छ । अदाना शहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश दिएका छन् । भवन संहिता कडाइका साथ कार्यान्वयन गर्न सरकारले सम्बद्ध निकायलाई निर्देशन दिएको छ ।

टर्कीएको तुलनामा सिरियाको स्थित दयनीय बनेको संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले बताएका छन् । युरोपका लागि विश्व स्वास्थ्य सङ्गठनका प्रमुखले दुवै देशका करिब दुई करोड २६ लाख भूकम्प पीडितलाई तत्काल मानवीय सहायता आवश्यक भएको बताएका छन् । प्रतिकूल मौसम, स्वास्थ्य तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा सङ्क्रामक रोगको जोखिम बढेको छ ।

विद्रोहीको पकड रहेको उत्तरपश्चिमी सिरियमा उद्धारका काम समाप्त भएको जनाउँदै स्यम्सेवी संस्थाहरूले लामो गृहयुद्धका कारण त्यहाँ राहतका कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको बताएका छन् । सिरिया सरकारले विद्रोही नियन्त्रित क्षेत्रमा राहतका कार्यक्रम सञ्चालन गर्ने अनुमति दिएको छ । सिरियाका भूकम्प पीडितले आफूहरूलाई मार्न वा आफ्ना घर फर्काउन माग गरेका छन् । गृहयुद्धका कारण आफ्नै भूमिमा शरणार्थी बनेका उनीहरूले सिरिया सरकारसँग घरफिर्तीको माग गरेका हुन् ।

संयुक्त राष्ट्रसङ्घले आगामी तीन महिनासम्म सिरियामा मानवीय सहायताका कार्यक्रम सञ्चालन गर्न ३९ करोड ७० लाख अमेरिकी डलर आवश्यक परेको जनाउँदै अन्तर्राष्ट्रिय समुदायसँग नगद सहयोग गर्न अपील गरेको छ । महासचिव एन्टोनियो गुटेरेसले टर्कीएका लागि पनि सहयोग जुटाउन विश्व समुदायसमक्ष आग्रह गर्नुभएको छ । टर्कीएको रेडक्रिसेन्टले आगामी डेढ वर्षसम्म क्षतविक्षत टर्कीएमा सहायता परिचालन गर्नुपर्ने आवश्यकता रहेको बताएको छ । यसैबीच, दश वटा अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले पठाएका मानवीय सहायता सामग्री बोकका मालबाहक ट्रक सिरिया पुगेका छन् ।

एल साल्भाडोर, जर्मनी, मेक्सिको, कतार, दक्षिण कोरिया, स्विटजरल्याण्ड, युक्रेन र अमेरिकाबाट उद्धारकर्ताले ल्याएका तालिम प्राप्त कुकुरको सहयोगमा भूकम्पको एक साता पछि पनि भग्नावशेषबाट मानिसलाई जीवित उद्धार गर्न सफलता प्राप्त भएको खोज तथा उद्धारमा संलग्न स्वयम्सेवकहरूले बताएका छन् । लागू औषध नियन्त्रण, सुरक्षा कारबाही र दैवी विपत्तिका बेला सहयोग गर्न विशेष रुपमा तालिम दिइएका कुकुर टर्कीए र सिरियाका भूकम्पले भत्काएका घरका भग्नावशेषबाट उद्धार गर्न साँच्चै सहयोगी भएका एक जना कतारी उद्धारकर्ताले एएफपीलाई बताए ।

प्रारम्भिक आकलनअनुसार टर्कीएमा ८५ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको छ । झण्डै ७१ अर्ब डलरको भौतिक क्षति आवास क्षेत्रमा भएको छ । एक दशकभन्दा लामो समयदेखि गृहयुद्धले गाँजेको सिरियाको क्षतिको आकलन भइसकेको छैन । टर्की भूकम्पबाट पाँच सय आणविक बमको शक्ति निष्काशित

टर्कीएका राष्ट्रपति तैयेप एर्दोगानले आफ्नो देशको दक्षिणी प्रान्तमा गत माघ २३ को भूकम्पबाट भएको क्षतिप्रति ऐक्यबद्धता जनाउँदै खोज तथा उद्धारका साथै मानवीय सहायता सामग्री उपलब्ध गराएकामा अन्तर्राष्ट्रिय समुदायप्रति कृतज्ञता व्यक्त गरेका छन् ।

संयुक्त अरब इमिरेट्सले मङ्गलबार आयोजना गरेको शासनप्रणालीसम्बन्धी विश्व सम्मेलनलाई यहाँबाट अप्रत्यक्षरूपमा सम्बोधन गर्दै राष्ट्रपति एर्दोगानले कठिन परिस्थितिमा विश्व समुदायले प्रकट गरेको ऐक्यबद्धता, उपलब्ध गराएको सहयोग र प्रदर्शन गरेको मैत्रीलाई आफ्नो देशले कहिल्यै नभुल्ने बताए ।

विश्वका एक सय राष्ट्रबाट आफूलाई ऐक्यबद्धताका सन्देश प्राप्त भएका जानकारी दिँदै उहाँले दुई करोड टर्कीएका नागरिक भूकम्पबाट प्रभावित भएका बताउनुभयो । भूकम्पबाट एक करोड ३५ लाख जनसङ्ख्या भएका देशका १० प्रान्तमा सर्वाधिक क्षति भएको बताउँदै उहाँले राहत सामग्री सङ्कलनमा अहोरात्र खटेका मित्र राष्ट्र र तिनका नागरिकप्रति आभार व्यक्त गर्नुभयो । टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ म्याग्निच्युडको भूकम्प र त्यसको केही क्षणपछिको भएको त्यति नै शक्तिशाली अर्को परकम्पमा परी टर्कीए र सिरियामा ४१ हजारभन्दा बढीको मृत्यु भएको छभने दर्शौं हजार घाइते भएका छन् । दुवै देशमा हजारौं घरबारविहीन भएका छन् ।

वैज्ञानिकहरूका अनुसार उक्त भूकम्पबाट पाँच सय वटा आणविक बमले निष्काशन गर्ने ऊर्जा जत्तिकै ऊर्जा निस्कासन भएको थियो । (रासस/एएफपी)

# खेलाडीहरूले नगरप्रमुख जयसवाललाई गरे कप हस्तान्तरण



आरके श्रीवास्तव
गरूडा,३ फागुन । रौतहटको कटहरियाका क्रिकेट खेलाडीहरूले कप हस्तान्तरण गरेका छन् । बुधवार एक कार्यक्रमका बिच नगरप्रमुख अजय प्रकाश जयसवाललाइ हस्तान्तरण गरेका हुन् । सो अवसरमा नगर प्रमुख जयसवालले पनि खेलाडीहरुलाइ टिका लगाइ गमछा ओढाएर सम्मान गर्नु भएको थियो । जिल्ला स्तरीय टुर्नामिन्टमा राम्रो प्रर्दशन गरेको भन्दै खेलाडीहरुलाइ सराहना पनि गरेका थिए ।

जिल्लाको दुर्गा भगवती गाँउपालिकामा भएको अध्यक्ष कप जिल्ला स्तरिय नक आउट टि २० क्रिकेट टुर्नामिन्टमा उपविजेता बन्न सफल भएको थियो । फाईनलमा गरूडाको टिम सँग पराजित भएपनि अन्य सबै खेलमा राम्रो प्रदर्शन गरेको थियो । गत २०७९ माघ ८ गते राजदेवी र गत माघ १५ गते वृदावन नगरपालिकालाई पराजित गर्दै कटहरिया टिम विकेट ३ विकेट र १७ गते मंगलबार माधवनराणलाई ५ विकेटले पराजित गरि विजयी भई फाईनल खेल खेलेको थियो ।

सो टुर्नामिन्टको उप विजेता बन्दै कटहरिया टिमले १५ हजार,प्रमाण पत्र र मेडल समेत प्राप्त गरेको थियो ।

# मछिन्द्रले आयोजक बागमतीलाइ हरायो



घनश्याम बलम्पाकी
सर्लाही ३ फागुन
गत वर्षको ए डिभिजन लिग बिजेता मछिन्द्र फुटबल क्लब आयोजक बागमती युवा क्लब सर्लाहीमाथि कठीन जित निकाल्दै सातौं राजर्षि जनक कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । बागमतीस्थित स्वर्गीय सन्तोष श्रेष्ठ स्मृति खेल मैदान कर्मैयामा आयोजक बागमती युवा क्लबलाई आज ट्राइब्रेकरमा ५-३ गोलले पराजित गर्दै मछिन्द्र क्लब अन्तिम चारमा प्रवेश गरेको हो । खेलको निर्धारित समय र अतिरिक्त २० मिनेटको समय १-१ गोलको बराबरीमा सकिएपछि टाइब्रेकरमार्फत खेलको नतिजा निकाल्यो । ट्राइब्रेकरमा पहिलो प्रहार गरेका बागमतीका देवा गुरुङ गोल गर्नबाट चुक्दा बागमती पराजित हुन पुग्यो ।

देवाको प्रहारलाई मछिन्द्रका गोलरक्षक विशाल श्रेष्ठले रोक्न सफल भयो । मछिन्द्रको तर्फबाट कप्तान सुजल श्रेष्ठसहित विमल घर्ती मगर, पुजन उपरकोटी, देवेन्द्र तामाङ र दिवाकर चौधरीले गोल गरे । आयोजक बागमतीका तर्फबाट कप्तान सुमन चाम्लिङ राई, अमर श्रेष्ठ र देवा गुरुङले मात्रै गोल गरे । बुधवारको खेलमा मछिन्द्रका गोलरक्षक विशाल श्रेष्ठ म्यान अफ दि म्याच बन्दै १० हजार नगद पुरस्कार प्राप्त गरेको छ ।

सर्लाहीको बागमाती नगरपालिका-११ कर्मैयास्थित स्वर्गीय सन्तोष श्रेष्ठ स्मृती खेल मैदानमा जारी प्रतियोगितामा एक विदेशी क्लब सहित १२ वटा टिम सहभागि प्रतियोगिताका विजेताले नगद १० लाख सहित प्रथम उपाधी प्राप्त गर्नेछ भने उपविजेताले ५ लाख रुपैंया प्राप्त गर्नेछ 'मधेश प्रदेशको शान, राजा जनक प्रतिको सम्मान' भन्ने नारा सहित सूरु भएको प्रतियोगिताको आगामी फागुन ७ गते फाईनल खेल हुने आयोजक बागमती युवा क्लबका अध्यक्ष मैनालीले जानकारी दिए ।

# न्युजिल्याण्डमा चक्रवातबाट व्यापक क्षति, चार जनाको मृत्यु

वेलिङ्टन, ३ फागुन
न्युजिल्याण्डमा चक्रवात गेब्रियलबाट व्यापक क्षति भएको छ भने एक बालकसहित चारजनाको मृत्यु भएको छ । चक्रवातबाट उत्तरी टापु अधिक प्रभावित भएको छ ।

उत्तरी टापुको हक्सवेबाट तीन सय जनालाई उद्धार गरिएको सुरक्षा अधिकारीहरूले बताएका छन् । जलमग्न घरका छतबाट उनीहरूलाई हेलिकप्टरबाट उद्धार गरिएको हो । चक्रवात क्रमशः कमजोर भएको छ । यद्यपि त्यसबाट करिब दश हजार पाँच सय मानिस विस्थापित भएका छन् ।

शक्तिशाली आँधी, मुसलधारे वर्षासँगैको बाढीपहिराले सडक, पुल बगाएको छ भने चौपाया मरेका छन् । खेतखलियान र आवासीय भवनहरू जलमग्न भएका छन् । सरकारले क्षतिको मूल्याङ्न थालेको जनाएको छ । केही स्थानमा मानिस घरको छतमा बसेर उद्धारको प्रतीक्षा गरिरहेका छन् । एक हजारभन्दा बढी मानिस हराइ रहेका छन् ।

चक्रवात प्रभावित अधिकांश स्थानमा वर्षा रोकिए पनि विद्युत् सेवा अवरुद्ध भएको छ । डुवानमा परेका घरबाट पानीको सतह घटिसकेको छैन । रक्षा मन्त्रालयका अधिकारीहरूका अनुसार करिब १५ लाख न्युजिल्याण्डका जनता चक्रवातबाट प्रभावित भएका छन् । नौ हजारभन्दा बढी विस्थापित भएका छन् । अस्थायी आवासको व्यवस्था मिलाउन युद्धस्तरमा सुरक्षाकर्मी परिचालन भएका छन् । हालसम्म तीन हजार अस्थायी आश्रयस्थल निर्माण गरिएको छ ।

चक्रवात प्रभावित ८० हजार घरमा पुनःविद्युत् आपूर्तिको व्यवस्था गरिएको भए पन अझै एक लाख ४० हजार मानिस अध्याँरोमा बस्न बाध्य भएका छन् । अति प्रभावित क्षेत्रका बासिन्दालाई खाद्यान्न र पिउने पानी सञ्चय गर्न अनुरोध गरिएको छ । रक्षा मन्त्रालयका अनुसार सात सय सुरक्षाकर्मी उद्धारमा खटिएका छन् । चार वटा विमान, सात वटा हेलिकप्ट र दुई वटा जलसेनाका जहाज बाढी पीडितका निम्ति अत्यावश्यक सामग्री आपूर्तिका साथै उद्धारमा परिचालन भएका छन् । देशमा आपत्काल घोषणा गरेर सरकारले विपद् व्यवस्थापन निकायलाई सक्रिय पारेको छ । अर्को सूचना जारी नभएसम्म आफ्ना घरमा नफर्कन मौसम विज्ञान विभागले सुझाएको छ । (रासस /एपी)

# जर्मनीमा विमानस्थल कर्मचारीको हडताल




जर्मनी, ३ फागुन
तलबभत्ता वृद्धिको माग गर्दै जर्मनीका विमानस्थल कर्मचारीले पर्सी शुक्रबार हडतालको घोषणा गरेका छन् । यहाँको व्यस्त फ्र्याङ्कफर्ट र म्युनिख विमानस्थलसहित सात वटा विमानस्थल उनीहरूले हडताल आह्वान गरेका छन् । हडतालका कारण दर्शौं हजार यात्री प्रभावित हुने निश्चित छ भने आन्तरिक उडान पनि रद्द हुने वा विलम्ब हुनेछ । विमान व्यवस्थापनलाई दबाब दिन गरिएको उक्त घोषणाप्रति सम्बन्धित पक्षले कुनै प्रतिक्रिया दिएको छैन । कर्मचारी युनियनका प्रतिनिधि, उड्डयन सुरक्षा कर्मचारी वार्तामा बसेका छन् । जारी वार्ताबाट परिणाम पनि प्राप्त भएको छैन । कर्मचारी युनियनका प्रतिनिधिले जीवन यापनको लागत बढेको तर आयमा कुनै वृद्धि नभएकाले तलब वृद्धिको माग गर्दै हडतालमा उत्रनु परेको बताएका छन् ।

हडतालबाट ब्रेमेन, डर्टमन्ड, फ्रान्कफर्ट, ह्याम्बर्ग, ह्यानोभर, म्युनिख र स्टटगार्ट सहरका एयरपोर्टमा असर पर्नेछ । यद्यपि भूकम्प प्रभावित टर्की र सिरियामा सहायता पुऱ्याउने उडान प्रभावित नहुने कर्मचारी युनियनका एक सदस्यले बताएका छन् । उनले यात्रीलाई मजदुरका समस्या बुझ्न तथा वैकल्पिक योजना बनाउन अनुरोध गरेका छन् । बढ्दो बजार मूल्य, ऊर्जा, खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको बढेको मूल्यले आफूहरूलाई अनिश्चयतर्फ धकेलेकाले बाध्य भएर आन्दोलन गर्नुपरेको उनले एक विज्ञाप्ति निकालेर स्पष्ट गरेका छन् ।

युनियनले गत महिना बर्लिन ब्रान्डनबर्ग एयरपोर्टमा यस्तै हडताल गरेको थियो । त्यसबेला तीन सय उडान रद्द वा पुनर्तालिका गरिएको थियो । (रासस/एएफपी)

# बास्केटबल खेलप्रति महिला खोलाडीको आकर्षण

दमौली, ३ फागुन
तनहुँमा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भएपछि यहाँका महिला खेलाडीको यसतर्फ आकर्षण बढेको छ ।गत असोज २८ देखि कात्तिक ३ गतेसम्म यहाँ महिला बास्केटबल प्रतियोगिता आयोजना भएको थियो ।बास्केटबलका प्रशिक्षक कृष्णकुमार श्रेष्ठले नवौं राष्ट्रिय खेलकुद यहाँ आयोजना भएपछि जिल्लामा महिला खेलाडीको आकर्षण बढ्न थालेको बताउनुभएको हो । पहिला खेलप्रति खासै चासो थिएन तर अहिले महिला खेलाडी यसतर्फ आकर्षित भएका छन उनले भने ।

प्रशिक्षक श्रेष्ठका अनुसार उक्त खेलमा गण्डकी प्रदेशको टोलीमा यहाँका खेलाडी सहभागी गराउन नसकिएपनि आगामी दिनमा दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यसहित प्रशिक्षण



कार्यक्रम आयोजना भइरहनेछ ।बास्केटबलप्रति खेलाडीको आकर्षण बढ्न थालेपछि स्थानीय तहले पनि यसतर्फ चासो दिएको र व्यास नगरपालिकाले राष्ट्रपति रनिङ सिल्डमा यस खेललाई समावेश गरेको छ । पालिकाले विद्यालयस्तरदेखि नै बास्केटबलप्रति रुचि बढाउन पहिलो पटक राष्ट्रपति रनिङशिल्डमा समावेश गरेको हो, यसले खेलप्रति रुचि राख्ने विद्यार्थीलाई अवसर प्रदान गरेको छ, नगरपालिका-२ का वडासदस्य सुरेश वाग्लेले भने ।

दमौली बजारमा तीन वटा बास्केटबल कोर्ट छन् । व्यास नगरपालिका-३ मा हैरान्स क्लबको सक्रियतामा एउटा कोर्ट निर्माण गरिएको त्यसमा नगरपालिकाले आर्थिक सहयोग गरेको छ । वडा नं १ को निर्मल माध्यमिक विद्यालयमा राष्ट्रिय खेलकुद परिषद्को रू ४० लाखको लगानीमा दुई वटा कोर्ट निर्माण गरिएको छ । हैरान्स क्लबले अन्तरविद्यालयस्तरीयबास्केटबल रनिङशिल्ड आयोजना गरेको छ । यस खेलमार्फत् पर्यटन प्रबर्द्धन गर्ने र कुशल खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष रवीन पौडेलले बताए ।

जल्लामा यसअगाडि बास्केटबल प्रतियोगिता आयोजना भएका थिएनन्, अब क्लबको तर्फबाट प्रत्येक वर्ष यसलाई निरन्तरता दिन्छौं, उनले भने । प्रतियोगितामा छात्रतर्फ निर्मल माध्यमिक विद्यालय, सत्यवती माध्यमिक विद्यालय, व्यास बोर्डिङ स्कुल, दमौली कलेज, आदिकवि भानुभक्त क्याम्पस, कन्काई एकेडेमी, पराशर कलेज र बाराही कलेजका विद्यार्थी सहभागी छन् । छात्रातर्फ बाराही कलेज, सत्यवती माध्यमिक विद्यालय, व्यास बोर्डिङ स्कूल, निर्मल माध्यमिक विद्यालय, दमौली कलेज, पराशर कलेज र कन्काई एकेडेमी बोर्डिङ स्कुलका विद्यार्थी सहभागी छन् ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा महिला बास्केटबलको फाइभ अन फाइभमा त्रिभुवन आर्मी, सुदूरपश्चिम प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं १ सहभागी थिए । त्यस्तै थ्री बाई थ्रीतर्फ त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी, मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, प्रदेश नं १, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेश सहभागी थिए ।रासस

# स्कटल्याण्ड बन्यो लिग टु विजेता

३ फागुन, काठमाडौं । स्कटल्याण्ड आइसीसी क्रिकेट विश्वकप लिग टुको विजेता बनेको छ । त्रिवि मैदान कीर्तिपुरमा नामिबियालाई १० विकेटको फराकिलो अन्तरले हराउँदै स्कटल्याण्ड आफ्नो ३ खेल बाँकी छँदै विजेता बनेको हो । ७ देश सम्मिलित लिग टुमा यो जितसँगै स्कटल्याण्डको ४८ अंक भएको छ । सबै ३६ खेल खेलेको ओमान ४४ अंकसहित दोश्रो स्थानमा छ । स्कटल्याण्डसँग पराजित नामिबियाको भने ३२ खेलबाट ३७ अंक छ र उ तेस्रो स्थानमा छ । २५ खेल खेलेको नेपाल भने छैटौं स्थानमा छ । त्रिवि क्रिकेट मैदानमा नामिबियाले दिएको १५४ रनको सामान्य लक्ष्य स्कटल्यान्डले जर्ज मुन्सेको सानदार शतकमा बिना विकेट भेट्टायो । मुन्सेले ६१ बलमा १०३ रनको अविजित पारी खेले । उनले १२ चौका र ७ छक्का प्रहार गरे । अर्का ओपनर काइल कोजरले ७२ बलमा ४६ रन बनाए । उनीहरुले १५४ रनको अविजित साझेदारी गर्दै स्कटल्यान्डलाई जिताएका हुन् । यसअघि, टस जितेर फिल्डिङ रोजेको स्कटल्यान्डले कसिलो बलिङ गर्दै ३९.२ ओभरमा १५३ रनमा नामिबियालाई अलआउट गरेको थियो । नामिबियाका लागि ओपनर ब्याटर लो हान्ड्रे लोरेन्सले सर्वाधिक ५४ रन बनाए ।

# सशस्त्र प्रहरीद्वारा क्षति न्युनिकरण र उद्धार सम्वन्धी नमुना प्रर्दशन

मधेशदृष्टि
वीरगंज ३ फागुन।
सशस्त्र प्रहरी बल नम्बर १३ हेड क्वाटर पर्साको आयोजनामा बुधवार पोखरीयामा आगलागीबाट हुने क्षतिको न्युनिकरण तथा उद्धार सम्बन्धी नमुना प्रदर्शन सम्पन्न भएको छ।



पोखरीया नगरपालिकाको संयोजनमा आयोजित कार्यक्रममा गर्मीयाम शुरु भएसँगै विशेष गरी ग्रामिण क्षेत्रमा सामान्य लापरवाहीकोकारण आगलागीबाट ठूलो धनजनको क्षति हुने गरेको प्रति सचेतना जगाउन र आगलागीको घटना न्युनिकरण गर्न तथा आगलागी भई हाले पनि त्यसको उद्धारका लागि कसरी जुटने भन्ने सम्बन्धमा सुरक्षाकर्मी, सर्वसाधारणलाई समेत प्रशिक्षण दिन कार्यक्रमको आयोजना गरिएको सशस्त्र प्रहरी बल नम्बर १३ गण हेड क्वाटर पर्साले जनाएको छ। कार्यक्रममा पोखरीया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहान, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, सशस्त्र प्रहरी नायव उपरीक्षक सुमन थापा, मनोज चन्द, पोखरीया नगरपालिकाका प्रशासकिय अधिकृत अजय श्रीवास्तव, तिथराज न्यौपाने, सुबास थापा लगायतको सहभागिता रहेको थियो।

# महतो हत्या आरोपमा ३ जना दोषी ठहर

## ४ जनालाई सफाई दिएकोमा मृतक परिवार असन्तुष्टि




मधेशदृष्टि
जनकपुरधाम, ३ फागुन । पर्यावरण अभियन्ता दिलिप महतो (ओमप्रकाश) को हत्या आरोपमा जिल्ला अदालत धनुषाले ३ जनालाई दोषी ठहर गरेको छ भने ४ जनालाई सफाई दिएको छ । जिल्ला अदालत धनुषाले सो मुद्दामा विपिनकुमार महतो, मुनिन्द्र महतो र जितेन्द्रकुमार महतोलाई दोषी ठहर गरेको हो भने रोशनकुमार यादव, शत्रुधन महत्तो, सत्यनारायण र विनोद महतोलाई सफाई दिएको छ । बुधवार जिल्ला अदालत धनुषाका न्यायाधीश चित्रबहादुर गुरुङको एकल इजलासले मुद्दाको फैसला गर्दै उनीहरूलाई दोषी ठहर गरेको श्रेष्तेदार विकास बस्नेतले जानकारी दिएका छन्।
विपिन र मुनिन्द्रले दिलीपको नियतपूर्वक हत्या गरेकाले उनीहरूलाई मुख्य कसुरदार ठहर गरेको बताउँदै जितेन्द्रलाई मतियारका रुपमा कसुरदार ठहर गरिएको श्रेष्तेदार बस्नेतले बताए । कसुरदारहरूलाई फागुन १२ गते न्यायाधीश गुरुङले सजाय निर्धारण गर्ने भएका छन् । धनुषाको मिथिला नगरपालिका-५ का २४ वर्षीय दिलीपको २०७६ पुस २५ गते हत्या गरिएको थियो । यसैबीच जिल्ला अदालतको फैसलाप्रति दिलीप महतोको परिवारले असन्तुष्टि जनाएका छन् । सातै जनाको मिलेमतोमा दिलीपको हत्या गरिएको भएपनि अदालतले चारजनालाई सफाइ दिएकोमा दिलीपको परिवारले असन्तुष्टि जनाएको हो । दिलीपकी बहिनी लक्ष्मीले 'हामीले न्याय पाएको अनुभूति भएको छैन । सातैजना मिलेर मेरो दाईको हत्या गरेका थिए। अहिले चारजनालाई सफाइ दिन मिल्दैन। हामी चुप बस्दैनौं। उच्च अदालतसम्म जान्छौं।

# वीरगंजमा गुणस्तरहीन वस्तुका विक्री वितरण फस्टाउदै

मधेशदृष्टि
वीरगंज ३ फागुन।
दैनिक उपभोग्य वस्तुको शुद्धता तथा गुणस्तरप्रति उपभोक्ता सचेत नहुँदा मिसावट र गुणस्तरहीन वस्तुको बिक्री वितरण फस्टाउँदै गएको छ।
वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्साको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी, वीरगंज उद्योग वाणिज्य संघ सहितको टोलीले उपभोक्तालाई ठगी गरेको आरोपमा आर्थिक बर्ष २०७९/०८० मा वारा, पर्सा, चितवन, मकवानपुर, सहित १० जिल्लामा १ सय ६२ वटा पसललाई कारवाही गरेको छ। मिसावट र गुणस्तहीन वस्तुको प्रयोगलाई उपभोक्ताले सामान्य ढङ्गले लिने प्रचलन वढदै गएको र यसले मानव जीवनमा खतरा बढदै गएको चिकित्सकहरुले बताएका छन।
अहिले सर्वसाधारण उपभोक्ताले प्रयोग गर्ने खाद्य पदार्थ सँगै सावुन, सेम्पु लगायत तेल, मह, मदिरा, सुर्तीजन्य वस्तु गुट्खा, पानपराग, खैनीलगायतका वस्तुमा मिसावट देखिएको वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक महेश भट्टराईले बताए। पर्सामा मात्रै चालु आर्थिक बर्षको ७ महिनामा गुणस्तरहिन सामान विक्री गर्ने, कालाबजारी गर्ने, उपभोक्तालाई ठगी गर्ने ९५ जनालाई कारवाही गरिएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रवक्ता एवं सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले बताए।
दैनिक भान्सामा प्रयोग हुने बेसार, दाल, चामल, पिउने पानी, खाने तेल, दूध, मह, घिउ तथा रेस्टुराँमा बन्ने परिकार र मिठाईलगायतका वस्तुमा पनि मिसावट देखिएको पौडेलले दावी गरे।

# आगलागीबाट हुने क्षति न्यूनीकरण तथा उद्धारको नमूना प्रदर्शन

मधेशदृष्टि
वीरगंज, ३ फागुन। पर्साको पोखरिया नगरपालिका वडा नम्बर ४ मा रहेको उचांगल रामदेव कलवार प्राविधिक नमूना माध्यमिक विधालयमा शस्त्र प्रहरी बल नेपाल नंबर १३ गण हेड क्वार्टर पर्सा ले आयोजना गरेको आगलागीबाट हुन क्षति न्यूनीकरण तथा उद्धार को नमूना प्रदर्शन कार्यक्रम सम्पन भएको छ। कार्यक्रममा घरमा गयास चूलो बाट खाना पकाऊदा , ग्यास को रेगुलेटर वा पाइप मा आगो अल्क्यो भने कसरी नियन्त्रण गने ', अब चैत्र देखी गर्मी याम सुरू भय लगते घर, गोठ मा आगो लागदा, शस्त्र प्रहरी बल, बरूण यन्त्र ,रेडक्रा'स ,राहत, अस्पताल ,औषधि उपचार , प्रत्येक संस्थाको दायित्व र भूमिका बारे नाटक प्रस्तुति गरिएको थियो।सो कार्यक्रम पोखरिया नगरपालिका तथा नगर कार्यपालिकाको कार्यालय पोखरिया पर्साको संयोजकत्वमा सम्पन्न भएको हो । सो कार्यक्रममा पोखरिया नगरपालिकाका मेयर प्रद्युमन प्रसाद चौहान, पोखरिया नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत अजय कुमार श्रीवास्तव, शस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वेटर पर्सा इंचार्ज सुमन थपलिया, शस्त्र प्रहरी बल सूरछा बेस केम्प पोखरिया को प्रहरी निरीक्षक हरिकृष्ण खड़का, विद्यालयका छात्रछात्रा, प्रधानाध्यापक ओमप्रकाश रौनियार ,पोखरिया नगर पालिकाको बरूण यंत्रको टीम , रेडक्रस सोसाइटी उपशाखा पोखरियाको सभापति भगवान प्रसाद कुर्मी वडा अध्यक्ष तथा वडा सदस्यहरु, स्थानीय बुद्धिजिवि,पत्रकार, समाजसेवी लागायतका हरुको सहभागिता रहेको थियो।

# सरकारी कार्यालयमा मन्त्री यादवको छड्के, पाइएनन् कर्मचारी



मधेशदृष्टि
जनकपुरधाम, ३ फागुन। प्रदेश सरकार मातहतका कार्यालयहरुमा कर्मचारी नबस्ने गरेको गुनासो आउन थालेपछि शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेश यादवले छड्के गर्दा सही साबित भएको छ।
उनले बुधवार प्रदेश मातहतका कार्यालयहरुमा छड्के गर्दा कर्मचारी पाइएन। मन्त्री यादवले कार्यालय समयमा शिक्षा विकास निर्देशनालय जनकपुरधाममा छड्के जाँच गर्दा कार्यालय सहयोगी बाहेक कोही भेटाएन, सबै कर्मचारी अनुपस्थित रहेको पाइएको थियो । शिक्षा विकास निर्देशनालयमा १० जना कर्मचारी कार्यरत रहेका छन् । ति १० मध्ये अधिकांश करारकै प्रदेश सरकारकै सिफारिमा जागिर पाएका कर्मचारीहरु हुन्।
मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश सरकारका काम बुलेट ट्रेनभन्दा पनि बढी स्पिडमा हुने दाबी गर्दै आएको बेला प्रदेशको राजधानी शहरकै सरकारी कार्यालयहरुको यस्तो अवस्था कर्मचारी नै कार्यालय जाँदैनन् पाइएको छ। गत शनिबार मात्र प्रदेश सभाको पाँचौं वार्षिकोत्सव समारोहमा प्रदेश सरकारका काम बुलेट ट्रेनभन्दा पनि बढी स्पिडमा गरिने दाबी गरेका थिए । तर, उनको यो दाबी भने करणीभन्दा पनि कथनीमा सिमित हुनु दुखद रहेको छ।
सरकारी कार्यालयमा कर्मचारीहरु आफू अनुकूल मनोमानी रुपमा कार्यालय पुग्ने गरेको गुनासो बढेपछि मन्त्री यादवले जनकपुरधामस्थित शिक्षा विकास निर्देशनालयमा छडके जाँच गरेको बताएका छन् । उनले भने 'बिहान १० बजेसम्म कार्यालयमा कर्मचारीहरुलाई पुग्नुपर्ने भएपनि मैले छडके जाँच गर्दा कर्मचारीहरु १० बजेर ३० मिनेट सम्ममा पनि कार्यालय पुगेका थिएनन्। कार्यालय प्रमुख चुडामणि फुयाल बिदा लिएर काठमाडौं गएपनि निर्देशनालयमा कार्यालय सहयोगीबाहेक समयमा कुनै पनि कर्मचारी अनुपस्थित हुनु दुखद रहेको उनले बताए।
आफूले हाजिरी रजिष्टर चेकजाँच गर्दा कतिपय कर्मचारीले सोमबार देखि नै हाजिरी नगरेको पाइएको मन्त्री यादवले बताउँदै उनले सरकारी कार्यालयहरुमा प्रमुख नै कार्यालय समयमा उपस्थित नहुँदा अन्य कर्मचारीहरुको मनोमानी बढदै गएको छ । मन्त्रालयमा समेत सचिवहरु समयमा नआउँदा अन्य कर्मचारीहरुको पनि मनोमानी बढदे गएको भने।
'प्रदेशको राजधानी शहरभित्रको कार्यालयहरुको अवस्था यस्तो छ भने ग्रामिण क्षेत्रका सरकारी कार्यालयहरुमा कस्तो दुःखद अवस्था होला,' उनले भने, 'छडके जाँच पश्चात मैले मुख्यमन्त्रीलाई पनि जानकारी गराएको छु । उहाँले यसप्रति सकारात्मक भई थप कडा कदम चाल्ने प्रतिबद्धता जनाउनु भएको छ।'

# प्रेस लेखिएको सवारी साधन कडाईका साथ चेकजाँच गरिने

विनय कर्ण
सप्तरी, ३ फागुन । जिल्ला प्रहरी कार्यालय सप्तरी सरुवा भई आएका नयाँ प्रहरी उपरीक्षक (एसपी) नरेन्द्र कार्कीले जिल्लाको शान्ति सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताएका छन्। बुधबार सप्तरीका सञ्चारकर्मीहरुसँगको परिचयात्मक कार्यक्रममा उनले प्रहरी प्रति आम जनताको गुनासो र अपेक्षा सधैं रहने भएकाले आन्तिरिक कमजोरी हटाएर अगाडी बढ्ने बताए।
कार्यक्रममा सहभागी संचारकर्मीहरुले जिल्लामा लागूऔषधको कारोबार, चोरी, भन्सार छलि लगायतका समस्या रहेको प्रहरी उपरीक्षक कार्कीलाई जानकारी गराए।
उनले बेथितिहरु नियन्त्रणका लागि विभिन्न योजनाहरु बनाएर अघि बढ्ने प्रतिवद्धता जनाउँदै सञ्चारकर्मीहरुसँग समन्वय गरेरै अघि बढ्ने पनि बताए।
यसैबीच सोही कार्याक्रममा संचारकर्मीहरुले प्रेस लेखिएको गाडी कडाईका साथ चेक जाँच गर्न प्रहरी उपरीक्षक कार्कीलाई सुझाव दिएका छन्।
नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवले वाईकमा प्रेस लेखेर गैर पत्रकारहरुले पत्रकारिता जगतलाई बदनाम गराउने काम गर्दे आएकाले यसको नियन्त्रणका लागि प्रहरीले सहयोग गर्नुपर्नेमा जोड दिए।
"हामीले यस अघि जिल्ला प्रशासन कार्यालयमा पनि प्रेस लेखिएको सवारी साधनको दुरुपयोग भईरहेकोले त्यसको नियन्त्रणका लागि ज्ञापन पत्र बुझाई सकेका हौं। अहिले गैर पत्रकारहरु सवारी साधनमा प्रेस लेखेर दुरुपयोग गरिरहेको छ र उनीहरुको कारण वास्तविक पत्रकार बदनाम भईराखेकोले यसको नियन्त्रण जरुरी छ" उनले भने, "प्रेस लेखिएको सवारी साधनलाई कडाईका साथ चेक जाँच गर्नुस्, कानुन भन्दा माथि कोही छैन्।"
प्रेस लेखिएको सवारी साधन नियन्त्रमा नेपाल पत्रकार महासंघ सप्तरीले समन्वय र सहयोग गर्न तयार रहेको अध्यक्ष देवले बताए । प्रहरी उपरीक्षक कार्कीले प्रेस लेखिएको सवारी साधन कडाईका साथ चेक जाँच गर्नका लागि जिल्लाका सबै प्रहरी युनिटलाई जानकारी गराउने प्रतिवद्धता व्यक्त गरे । "प्रेस लेखिएको सवारी साधनको दुरुपयोग भईरहेको संचारकर्मीहरुको गुनासो प्रति प्रति सप्तरी प्रहरी सम्वेदनशील छ। नियन्त्रण गर्ने काम हुन्छ" उनले भने।

# उपनिर्वाचनका लागि मनोनयनको कार्यतालिका सार्वजनिक

मधेशदृष्टि
वीरगंज ३ फागुन।
चितवन क्षेत्र नं २ मा आगामी वैशाख १० मा हुने उपनिर्वाचनका लागि चैत २० गते मनोनयनको कार्यतालिका सार्वजनिक गरिएको छ।
निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार चैत २१ मा उम्मेदवारको विरोधमा उजुरी, २२ मा मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गरिने भएको छ। यस्तै २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगले जनाएको छ। आयोगले निर्वाचन तालिका अगावै मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्न निर्वाचन कार्यालयलाई परिपत्र समेत गरेको कार्यालयका सूचना अधिकारी अमबहादुर पुर्जाले जानकारी दिनुभयो । अहिले कार्यालयले नामावली अद्यावधिकको काम गरिरहेको छ। फागुन १ देखि चैत १६ गतेसम्म मतदाता नामावली अद्यावधिक गरिने छ। गत मङ्सिर ४ मा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा यस क्षेत्रबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको नागरिकता सर्वोच्च अदालतले खारेज गरेसँगै उहाँको सांसद पद पनि खारेज भएको थियो।

# कर्मचारीको लापरवाहीले वीरगंजमा सेवाग्राही समस्या भोग्न बाध्य

मधेशदृष्टि
वीरगंज ३ फागुन।
जिल्ला प्रशासन, मालपोत, यातायात, नापी, नगरपालिका तथा गाउँपालिकाको कार्यालयहरुमा कर्मचारीहरुकै लापरवाहीको कारण सेवाग्राहीले लामो समय देखि दुःख पाउदै आएका छन।
जनताको बढी भिडभाड हुने तथा सर्वसाधारण नागरिकको दैनिक जीवनसँग जोडिएका सवारी चालक अनुपत्र, सवारी दर्ता, नागरिकता, पासपोर्ट, जग्गाको किन बेच तथा रजिष्टेशन पास, जन्म, मृत्यु, विवाह दर्ता, सिफारिस लगायतका अति आवश्यकीय सेवा समयमै नपाउने भीडभाड र लामो समय कुर्नु पर्ने वाध्यता पर्सामा वर्षौंदेखि जारी रहेको छ। अति आवस्यक सेवा लिनेसेवाग्राहीले वर्षौंदेखि दुःख पाउनुमा कर्मचारीमा सेवा भावको अभाव मुख्य कारण रहेको छ। जिल्ला प्रशासन कार्यालय पर्सामा सेवाग्राहीले आवेदन बुझाउन नै घण्टौं लाइन बस्नु पर्ने अवस्था रहेको छ।
सवारीचालक अनुमतीपत्र लिन मात्र सेवाग्राहीले कम्तिमा ६ महिना भन्दा बढी समय कुर्नु पर्ने बाध्यता छ, यो एउटा उदाहरण हो । तर यातायात व्यवस्था विभागले भने बर्षैंदेखि यो सेवालाई प्रभावकारी बनाउन पहल समेत गरेको पाइँदैन। नवीकरण गर्नु पर्ने लाइसेन्स पुनः प्रिन्ट गर्न १६ महिनासम्म कुर्नु परेको सेवाग्राहीको गुनासो छ। सामाग्रीको अभाव, इन्टरनेट, सर्वरको समस्या, ठेक्का प्रकृयामा समस्या, कर्मचारी अभाव जस्ता बाहान बनाएर कार्यालयले सेवाग्राहीलाई झुलाउदै आएको छ।
छिटो र प्रभावकारी सेवा दिन आनाकानी र आलटाल गर्नु कार्यालय प्रमुख र कर्मचारीको कार्यक्षमता माथि प्रश्न उठ्ने गरेको भए पनि बर्षौंदेखि यो समस्या समधान हुन नसक्नुको भित्रि पाटो कर्मचारीको मनोवृति नै ठिक नहुँदा समस्या भएको भेटिएको छ। सम्बन्धित कार्यालयहरुमा राष्ट्रिय परिचयपत्र लिन, कर भक्तानी गर्न, राहदानी लिन, नागरिकता लिन र मालपोतमा घरजग्गाको कारवार गर्दा सेवाग्राहीले पटक पटक धाउनु पर्ने बाध्यता रहेको गुनासो सर्वसाधारणको छ। सजिलै सुधार गरेर सेवा प्रदान गर्न सकिने अवस्था भए पनि कर्मचारीको प्रभावकारी सेवाभावको मानसिकतामा परिर्वतन आउन नसक्नु मुख्य कारण भएको सेवाग्राहीहरुले आरोप लगाएका छन।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल